# सप्तरी जिल्लामा शिक्षक तालिम
# र
# उपलब्धिको प्रभावकारिता :
# एक अध्ययन

एम. एड्. दोस्रो वर्षको (Ed. PM. 598)कोर्षको आंशिक

आवश्यकता परिपूर्तिका लागि

तयार गरिएको

# शोधपत्र


शोधकर्ता

इन्द्रबहादुर थापा

एम. एड्. दोस्रो वर्ष

क्याम्पस रोल्नं. १६४

परीक्षा रोल्नं. १३००५०

रजिष्ट्रेशन नं. ६-२-१२-९३८-९९

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय

सूर्यनारायण सत्यनारायण मरबैता यादव बहुमुखी क्याम्पस

शैक्षिक योजनातथाव्यवस्थापनविभाग, सिरहा


२०७१

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय

सूर्यनारायण सत्यनारायण मरबैता यादव बहुमुखी क्याम्पस,

शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सिराह

शोधपत्र मूल्याङ्क समिति

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, सूर्यनारायण सत्यनारायण मरबैता यादव बहुमुखी क्याम्पस ,शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह दोश्रो वर्षका विद्यार्थी इन्द्रबहादुर थापाले "सप्तरी जिल्लामा शिक्षक तालिम र उपलब्धिको प्रभावकारिता : एक अध्ययन" नामक शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पार्नुभएको हो । उहाँले पूरा गर्नुभएको यस शोधपत्रको प्रस्तुतीकरणबाट म सन्तुष्ट छु । यस शोधपत्रको समग्र मूल्याङ्कनका लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : २०७१/११/१०

.............

**धर्मराज सिंह**

शोध निर्देशक

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय

सूर्यनारायण सत्यनारायण मरबैता यादव बहुमुखी

क्याम्पस, सिराह

शोधपत्र

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत सूर्यनारायण सत्यनारायण मरबैता यादव बहुमुखी क्याम्पस, सिराहमा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र श्री इन्द्रबहादुर थापाले त्रि.वि.वि. शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्न "सप्तरी जिल्लामा शिक्षक तालिम र उपलब्धिको प्रभावकारिता : एक अध्ययन" शीर्षकको शोध अध्ययन पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोमा शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरियो ।

## मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| .................... | ..................... | .................... |
| प्रा. चन्देश्वर यादव | प्रा. धर्मराज सिंह | प्रा.डा. भूपेन्द्र हाडा |
| विभागीय प्रमुख | शोध निर्देशक | बाह्य सुपरीवेक्षक |

मिति : २०७१/११ /११

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र **"सप्तरी जिल्लामा शिक्षक तालिम र उपलब्धिको प्रभावकारिता : एक अध्ययन"** को विषयमा तयार गरिएको छ । शिक्षाको गुणस्तरमा वृद्धि गर्नका लागि हाम्रो देशमा शिक्षकहरुलाई विभिन्न तालिम दिएर दक्ष बनाइने गरिन्छ । शिक्षकले तालिममा सिकेका कुराहरु कक्षा कोठामा कत्तिको स्थानान्तरण गरेका छन् वा छैनन् भन्ने कुराको खोजीनीति हुनु जरुरी भएको छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको कमजोर शिक्षण सिकाइ र विद्यार्थीको गिर्दो सिकाइ उपलब्धिका कारण तालिमको औचित्यको सन्दर्भमा सर्वत्र कुरा उठान भएको देखिएको हुँदा शोधकार्यको लागि प्रस्तुत विषयको छनौट भएको हो । यस अनुसन्धानको सिलसिलामा आफ्ना अमूल्य सुझाव, धारणा, तथ्याङ्क तथा प्रतिक्रिया दिनु हुने प्रधानाध्यापकहरु, शिक्षकहरु, SMC का अध्यक्षहरु, PTA का अध्यक्षहरु, विद्यार्थी भाइबहिनीहरु तथा अभिभावकहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्न अनुमति प्रदान गर्नु हुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका प्रमुख प्रा. श्री चन्देश्वर यादवज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोधपत्रलाई यो रुपसम्म ल्याउन मलाई बारम्बार निर्देशन र सुपरीवेक्षण गरी दिनु हुने श्रद्धेय गुरु प्राध्यापक श्री धर्मराज सिंहज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो शोधपत्र तयार पार्ने क्रममा कम्प्युटरको काममा सहयोग गरिदिनुहुने श्रीमती लक्ष्मीकुमारी कार्कीलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

र, अन्तमा यो शोधपत्र शुरु गरेदेखि अन्तसम्म पुग्दा शान्त भई बाबालाई सहयोग पु-याइदिने मेरी सानी छोरी **गरिमा** लाई मुरी-मुरी धन्यवाद दिन चाहन्छु ।

इन्द्रबहादुर थापा

शोधकर्ता

## शोध सार

व्यक्ति, परिवार, समाज र सिंगो राष्ट्रको विकासको प्रमुख आधार भनेको शिक्षा नै हो । शिक्षाको स्तर जति राम्रो हुन्छ, त्यति नै मात्रामा देशको विकासको स्तर माथि उक्लिन्छ । शिक्षाको गुणस्तर वृद्धि गर्नका लागि अन्य कुराका अलवा शिक्षक र त्यसमा पनि तालिमप्राप्त दक्ष शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षकलाई तालिमले कुशल, दक्ष, पोख्त, सफल र अनुभवी बनाउँछ । तालिमप्राप्त शिक्षकले मात्र प्रभावकारी रुपमा शिक्षण -सिकाइ क्रियाकलाप गर्न सक्छ । यो अध्ययनमा शिक्षक तालिमले सप्तरी जिल्लाका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा पारेको प्रभावलाई अध्ययन गर्न खोजिएको छ ।

नेपालमा औपचारिक रुपमा शिक्षक तालिमको सुरुवात २००४ सालबाट भएको पाइन्छ । त्यसपछि औपचारिक र अनौपचारिक रुपमा विभिन्न किसिमका तालिमहरु हुँदै आएका छन् । २०२८ सालमा शिक्षक तालिमलाई अनिवार्य गरिएकोमा २०३७ सालमा भने यसको अनिवार्यतालाई हटाएको पाइन्छ । शिक्षा आयोगको प्रतिवेदन २०४९ शिक्षक तालिमको आवश्यकतालाई पूर्ण रुपमा हटाएको पाइन्छ । हाल आएर देशभरमा थुप्रै शैक्षिक तालिम केन्द्रको स्थापना गरिएको छ । ती केन्द्रमा “क” र “ख” नामांकरण  गरी सबै प्रा.वि., नि. मा. वि. र मा. वि. तहका शिक्षकहरुका लागि तालिमहरु संचालन हुँदै आएका छन् ।

**यस अध्ययनका उद्देश्यहरु निम्न प्रकारका छन् -**

१. शिक्षक तालिमको वर्तमान अवस्थाको पहिचान गर्ने

२. तालिमपाप्त र अप्राप्त शिक्षकको शिक्षण - सिकाइ बीच तुलना गर्ने ।

३. तालिमप्राप्त शिक्षकले तालिममा सिकेका सीपहरु कक्षाकोठामा स्थानान्तरण भए नभएको लेखाजोखा गर्ने ।

अध्ययनका क्रममा शिक्षकहरुको कक्षा अवलोकन गर्ने, प्रश्नावली भराउने र छलफल गर्ने कार्य गरिएको थियो । विद्यालयका प्र. अ., SMC/ PTA अध्यक्ष र विद्यार्थीहरुलाई समेत प्रश्नावली भराएको थियो र अन्तरक्रिया समेत गरिएको थियो । नमुनाका रुपमा सप्तरी जिल्लाका १५ वटा सामुदायिक विद्यालयलाई लिइएको थियो । यस अध्ययनबाट निम्न तथ्यहरु पत्ता लागेका थिए -

१. सामुदायिक विद्यालयमा कार्यरत स्वीकृत र राहत दरबन्दीमा कार्यरत दुवै शिक्षक हरुमा तालिम प्राप्त र तालिम अप्राप्त पाइयो ।

२.  शिक्षकहरु तालिमप्रति आकर्षित भएको पाइयो ।

३. शिक्षकहरुले तालिममा सिकेका सीपहरु ६० प्रतिशत मात्र कक्षाकोठामा स्थानान्तरण गरेकोको पाइयो ।

४. तालिम प्राप्त शिक्षकहरुले अध्यापन गरेको विषयमा विद्यार्थीहरुले ५६ प्रतिशत सिकाइ उपलब्धी हाँसिल गरेका छन् भने तालिम अप्राप्त शिक्षकले पढाएको विषयमा ४० प्रतिशत मात्र सिकाइ उपलब्धि हाँसिल भएको पाइयो ।

५.कक्षाकोठाको व्यवस्थापन पक्ष कमजोर हुनाले, शिक्षकलाई बढी कार्यबोध हुनाले, शिक्षकको अनुपातमा विद्यार्थीसंख्या बढी हुनाले , शैक्षिक सामग्रीको अभाव हुनाले र समयमै पाठ्यपुस्तक प्राप्त गर्न नसकेकाले तालिम प्राप्त शिक्षकलाई तालिममा सिकेका कुरा काक्षा कोठामा स्थानान्तरण हुन कठिनाइ भएको पाइयो ।

६. तालिम पाप्त शिक्षकहरुमा प्रशस्त मात्रामा सैद्धान्तिक ज्ञान रहेको पाइयो । यस शोधपत्रबाट प्राप्त भएका ँष्लमष्लनक र निष्कर्षका आधारमा निम्नलिखित सुझावहरु पेश गरिएको छ -

१. स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक सरह राहत र P.C.F दरबन्दीमा कार्यरत शिक्षकलाई पनि तालिम दिइनुपर्ने ।

२. शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन शिक्षकले नियमित अनुगमन र सुपरीवेक्षण गर्नु पर्ने ।

३. छोटो समयमा पुनर्ताजकी तालिमको व्यवस्था हुनुपर्ने ।

४.तालिममा सिकेका सीपहरु कक्षाकोठामा स्थानान्तरण हुने वातावरणको सृजना गर्न सबै सरोकारपक्षहरु समर्पित हुनुपर्ने ।

५. प्रधानाध्यापकलाई व्यवस्थापकीय र प्रशासनिक काममा मात्र लगाउनुपर्ने ।

६. सबै शिक्षकहरुलाई तालिम दिन नसके पनि तालिमको Rotation पालैपालो मिलाउने व्यवस्थाप्रति सजक हुनुपर्ने ।

# विषय-सूची


**शीर्षक** **पृष्ठ संख्या**

सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञता ज्ञापन iii

शोध सार iv

**परिच्छेद १**

परिचय *(Introduction)* 1

१.१ अध्ययनको पृष्ठभूमि *(Background Of The Study)* 1

१.२ समस्याको कथन *(Statement Of The Problem)* 11

१.३ अध्ययनको औचित्य *(Rationale OF The Study)* 11

१.४ अध्ययनको उद्देश्य *(Objectives Of The Study)* 12

१.५ अनुसन्धानात्मक प्रश्नहरु *(Research Questions)* 12

१.६ अध्ययनका परीसीमाहरु *(Delimitation Of The Study)* 13

**परिच्छेद २**

सम्बन्धित साहित्यको पुनरावलोकन *(Review Of Related Literature)* 14

**परिच्छेद ३**

अध्ययन विधि *(Methodology)* 22

३.१ अनुसन्धान ढांचा *(Design OF The Study)* 22

३.२ जनसंख्या र नमुना छनौट विधि *(Population And Sample Selection)* 22



**शीर्षक** **पृष्ठ संख्या**

३.३ तथ्याङ्क संकलन गर्ने साधनहरु *(Tools Of Data Collection)* 23

३.४ तथ्याङ्क संकलन प्रक्रिया *(Data Collection Procedure)* 23

३.५ तथ्याङ्क विश्लेषण प्रकृया *(Data Analysis Procedure)* 24

**परिच्छेद ४**

तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण*(Data analysis and interpretation)*25

४.१ शिक्षक तालिमको बर्तमान अवस्थाको पहिचान 25

४.२ तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षण सिकाइ बीच तुलना 28

४.३ तालिम प्राप्त शिक्षकले सिकेका सीपहरु कक्षाकोठामा स्थानान्तरण भए नभएको लेखाजोखा 34

**परिच्छेद ५**

प्राप्ति, निष्कर्ष तथा सुझावहरु *(Finding, Conclusion And Recommendations)* 46

५.१ प्राप्तिहरु *(Findings)* 46

५.२ निष्कर्ष *(Conclusion)* 48

५.३ सुझावहरु *(Suggestions)* 49

सन्दर्भ सूचीहरु 51

अनुसूचीहरु 52

शोधकर्ताको व्यक्तिगत विवरण 61

# परिच्छेद -१

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि (Background Of The Study)

विद्यालय जीवनको सबभन्दा ठूलो पाठशाला हो । विद्यालयमा बालबालिकालाई पढाउन वा सिकाउन शिक्षक शिक्षिकाको व्यवस्था गरिएको हुन्छ । शिक्षण सिकाइका लागि दक्ष शिक्षकलाई सबैले मन पराउँछन् । दक्ष र योग्य शिक्षक भनेकै तालिमप्राप्त शिक्षक हो । एउटा शिक्षकलाई दक्ष र क्षमतावान् बनाउन हरेक राष्ट्रमा तालिमको व्यवस्था गरिएको हुन्छ । तालिमले मानिसलाई सीपयुक्त बनाउँछ । तालिम शब्दको अर्थ पनि सीपयुक्त बनाउने प्रक्रिया  भन्ने हुन्छ । कुनै कार्यमा खट्नु अघि त्यस कार्यमा वा त्यसका बारेमा जानकारी राख्दै व्यवस्थापनमा परिवर्तन ल्याउने सीप हासिल गर्न वा आफ्नै कार्यमा खटिइरहँदा त्यसलाई अझ बढी परिष्कृत् गरी कार्य सम्पादन गर्नका लागि तालिमको आवश्यकता पर्दछ ।

केही विद्वान्हरुले तालिमसम्बन्धी आफ्ना धारणाहरु निम्न रुपमा उल्लेख गरेका छन् :-

**मिल्टन हल्ट**ले भनेका छन् , "तालिम भन्नले यस्तो पक्रियालाई बुझाउँछ जसले तालिमलाई उसको वर्तमान र भविष्यको कार्यलाई सुहाउँदो बानी, क्रियाहरु, बुद्धि, सीप र अभिवृत्तिको विकास गर्न सहयोग गर्दछ र  कार्यमा प्रभावकारीता बृद्धि गर्दछ । " (सुवेदी-२००२० **तामेजा**ले भनेका छन् , "कार्य सक्पादन गर्ने सीपहरुको व्यवस्थित प्रणालीको प्रयोग नै तालिम हो । " (सुवेदी-२००२)

एउटा **चिनियाँ भनाइ** यस्तो पनि छ :-

" यदि एक वर्षको योजना बनाउँदै छौ भने बीउ रोप,

यदि दश वर्षको योजना बनाउँदै छौ भने बिरुवा रोप,

यदि जीवनका लागि योजना बनाउँदै छौ भने विकास गर" (सुवेदी-२००२)

माथिका भनाइहरुले तालिमप्राप्त जनशक्तिले ज्ञान, सीप र अभिवृत्ति परिवर्तन गरी आशातीत नतिजा निकाल्न सहयनेग पु-याउँदछ भन्ने कुरालाई थप पुष्टि गरेका छन् । वर्तमान विश्वमा मानव विकास गरी समग्र राष्ट्रको विकास गर्नु सकै देशहरुको साझा चुनौती बनेको छ । उक्त चुनौतीको  सामना गर्ने एकमात्र भर पर्दो उपाय शिक्षाको

विकास हो । गुणस्तरीय शिक्षाको विकासका लागि दक्ष र सीपयुक्त शिक्षकको आवश्यकता पर्दछ र त्यसको पूर्ति तालिमप्राप्त शिक्षकको माध्यमबाट गर्न सकिन्छ । शिक्षालाई जगैदेखि विकास गर्ने आधारस्तम्भ भनेको विद्यालयीय शिक्षा हो । विद्यालय स्तरको शिक्षालाई प्रभावकारी एवम् गुणस्तरयुक्त बनाउने एउटा प्रमुख कारक तत्व शिक्षक हो । दक्ष एवम् योग्य शिक्षकले मात्र प्रभावकारी र गुणीतरीय शिक्षाको सुनिश्चितता गर्न सक्दछन् । यिनै कुराहरुलाई दृष्टिगत गरी नेपालमा धेरै पहिलेदेखि नै सरकारी तवरबाट विभिन्न प्रकारका शिक्षक तालिम प्रदान गर्ने प्रयासहरु भएको पाइन्छ ।

नेपालमा सर्वप्रथम शिक्षकलाई तालिम प्रदान गर्ने उद्देश्यले वि.सं. २००४ सालमा आधार शिक्षा अन्तरगत **शिक्षक प्रशिक्षण केन्द्र** को स्थापना भएको पाइन्छ । २००७ साल पछि यस केन्द्रलाई **नेपाल शिक्षक प्रशिक्षण केन्द्र** का रुपमा रुपान्तरित गरिएको पाइन्छ । शिक्षकलाई तालिम प्रदान गर्ने क्रममै वि.सं. २०१४ सालमा शिक्षा महाविद्यालय (College Of Education) को स्थापना भयो । जसलाई वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापना भएपछि त्रिभुवन विश्वविद्यालयकै एक अङ्गको रुपमा समाविष्ट गरियो । (श्रेष्ठ -२०५६)

वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि शिक्षकहरुलाई तालिम अनिवार्य गरियो । साथै शिक्षाक्षेत्रमा काम गर्ने शिक्षाकर्मीहरुलाई जस्तो शिक्षक, शिक्षक -प्रशिक्षक, शिक्षा प्रशासक , निरिक्षक आदिका लागि आवश्यक तालिम प्रदान गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालय अन्तरगत शिक्षा शास्त्र अध्ययन संस्थान खडा गरी शिक्षा महाविद्यालयलाई पनि यसैमा गाभियो । यसैक्रममा शिक्षकहरुलाई विभिन्न तहका - ए लेभल, बी लेभल, डिप.इन.एड. जस्ता तालिमका कार्यक्रमहरु सञ्चालन गर्न थालियो । (श्रेष्ठ -२०५६)

शिक्षा ऐन २०२८ को सातौं संशोधन २०३७ पश्चात् शिक्षकहरुलाई तालिमको अनिवार्यता हटाइयो । फलस्वरुप शिक्षक तालिममा शिथिलता आउन थाल्यो । यसको केही समयपछि शिक्षा तथा खेलकूद मन्त्रालयले नै लामो अवधिको शिक्षक तालिम सञ्चालन नगरी विभिन्न प्रकारका छोटा अवधिका शिक्षक तालिमहरु सञ्चालन गर्दै आयो । यही क्रममा आधारभूत तथा प्राथमिक शिक्षा विकास परियोजना (BPEP) लागू भएपछि १५० घण्टे प्राथमिक शिक्षक तालिम, सेती परियोजनाले २१ दिने प्राथमिक शिक्षक तालिम, शिक्षा विभागले १२ दिने सम्पूर्ण स्कूल विधि तालिम ,बहुकक्षा शिक्षण तालिम र अन्य तालिमहरु सञ्चालन गरिंदै आए ।

शिक्षा आयोगको प्रतिवेदन २०४९ ले शिक्षा क्षेत्रको विविध क्षेत्रमा काम गर्ने जनशक्तिलाई तालिम प्रदान गर्न, तालिम नीति निर्धारण गर्न, अनुसन्धान तथा मूल्यङ्कन का कार्यहरु

सम्पादन गर्नका लागि एउटा केन्द्रिय निकायको आवश्यकता औंल्यायपछि वि. सं. २०५० मा ुशैक्षिक जनशक्ति विकास कन्द्रु को स्थापना भयो । यसले अन्य कुराहरु अतिरित्त शिक्षकहरुलाई प्रमाणीकरण तालिम प्रदान गर्दै आएको छ । हाल ुशिक्षक सेवा आयोगु लागू भएको अवस्थामा सन् २०१४ सम्म हाल कार्यरत सम्पूर्ण प्राथमिक , निम्नमाध्यमिक र माध्यमिक शिक्षकहरुलाई तालिम प्रदान गर्ने लक्ष्यका साथ ४२ वटा शैक्षिक तालिम केन्द्रहरु, शिक्षा शास्त्र संकायका क्यम्पसहरु, माध्यमिक शिक्षा विकास इकाइ, निजी प्राथमिक शिक्षक तालिम केन्द्रहरुबाट समेत आमनेसामने तालिम र दूर शिक्षा पद्धतिबाट पनि तालिम प्रदान केन्द्र र दूर शिक्षाले कार्य गर्दै आएका छन् । यसरी शिक्षकहरुलाई तालिम प्रप्त बनाउने काममा हाल शैक्षिक जनशक्ति विकास केन्द्रले कार्य गर्दै आएको छ । यसका स्वरुप बारे छुट्टै शीर्षक राखेर तल वर्णन गरिएको छ **:-**

## ☞ नेपालमा प्राथमिक तालिम कार्यक्रमको विकास (Development of primary teacher training programme in Nepal)

नेपालमा प्राथमिक शिक्षक तालिमको शुरुवात सन् १९४७ सालदेखि भएको पाइन्छ । यस हिसाब बाट हेर्दा प्राथमिक शिक्षक तालिमको शुरुवात भएको ६८ वर्ष भन्दा बढी भएको छैन । यो झन्डै सात दशकभन्दा बढी समयको दौरानमा प्राथमिक शिक्षकहरुलाई तालिम दिनका लागि थुप्रै कार्यक्रमहरु सञ्चालनमा आए । यसरी हालको अवस्था सम्म आइपुग्न विगतमा के -कस्ता शिक्षक तालिमका कार्यक्रमहरु र परियोजनाहरु सञ्चालनमा आएका थिए भन्ने कुराको विश्लेषण गर्नु जरुरी हुन्छ । यसका बारे छोटकरीमा तल उल्लेख गर्ने जमर्को गरिएको छ **:-**

## ☞आधार शिक्षक तालिम केन्द्र (Basic Teacher Training Center)

नेपालमा आधुनिक शिक्षक तालिमको शुरुवात राण प्रधानमन्त्री पद्म शमशेर (२००२–२००५) को पालादेखि भएको देखिन्छ । राष्ट्रमा शिक्षाको विकास तथा उत्थानका लागि तालिमप्रप्त शिक्षकहरुको आवश्यकता महसुस गरी २००४ साल जेठ १० गतेका दिन ताहाचल काठमाडौंमा नेपालका विभिन्न ठाउँमा आधार स्कूलमा पढाउने तालिमप्राप्त शिक्षक जनशक्ति तयार गर्न **आधार शिक्षा शिक्षण केन्द्र**को स्थापना गरिएको थियो । (श्रेष्ठ -२०५६)

त्यस तालिम केन्द्रका प्रशिक्षार्थीहरुलाई शिक्षण अभ्यास गर्नका लागि तालिम केन्द्र सँगै एउटा आधार शिक्षा विद्यालय पनि खोलियो । जसलाई आधार अभ्यास स्कूल भन्ने नाम राखियो । शिक्षक तालिममा आधार अभ्यास स्कूल (Lab School) को अवधारणा त्यसबेला देखि नै शुरु भएको पाइन्छ । (श्रेष्ठ -२०५६) आधार शिक्षा तालिमको कूल

समयावधि जम्मा १ वर्षको हुन्थ्यो । तालिममा आधार शिक्षा विद्यालयमा अध्यापन गर्नुपर्ने सम्पूर्ण व्यवसायिक विषयहरुमा प्रशिक्षण दिइन्थ्यो । यस तालिममा सैद्धान्तिक पक्षलाई भन्दा पनि प्रयोगात्मक पक्षलाई बढी जो- दिइएको थियो । आधार शिक्षा शिक्षक तालिम केन्द्र २०१० सालबाट बन्द भयो । बन्द हुनुको मुख्य कारण आधार शिक्षा विद्यालय व्यवसायिक प्रकारको हुनु थियो, जुन चाहिं तत्कालीन जनचाहना अनुरुप थिएन । आधारशिक्षा विद्यालयमा सिकाउने विषयहरुको एक आपसमा सहसम्बन्ध गरेर सिकाउनुपर्ने थियो तर शिक्षकहरुले त्यसो गर्न सकेनन् । त्यसैले विद्यालयहरु विस्तारै बन्द हुन पुगे र तालिम केन्द्रहरु पनि स्वतस् बन्द हुन पुगे ।

### ☞ राष्ट्रिय शिक्षक तालिम केन्द्र (National Teacher Training Center)

आधार शिक्षा शिक्षक तालिमकेन्द्र बन्द भएपछि शिक्षकहरुलाई तालिम दिनका लागि सन् १९५४ सेप्टेम्बर ९ मा तालिम सञ्चालन भएको भवनमा राष्ट्रिय शिक्षक तालिम केन्द्र (NTTC)' को स्थापना भयो । यो तालिमको अवधि शुरुमा ३ महिनाको थियो । १ वर्ष पछि समयावधि ६ महिना गरियो । पछि गएर आठ कक्षा उत्तीर्ण गर्ने शिक्षकहरुलाई १ वर्ष र आठ कक्षा उत्तीर्ण नभएका शिक्षकलाई २ वर्षको तालिम दिन थालियो । २ वर्षे कार्यक्रममा पहिलो वर्ष विद्यालयमा अध्यापन गरिने विषयहरु के - कसरी सिकाउने भन्ने बारेमा तालिम दिने गरिन्थ्यो । बढ्दो शिक्षक संख्यालाई यो केन्द्रले मात्र तालिम उपलब्ध गराउन नसकेकाले यो केन्द्र २ वर्ष सञ्चालन भयो र वि.सं. २०१३ बन्द भयो । (श्रेष्ठ - २०५६)

### ☞ शिक्षक शिक्षण शिक्षालय (Normal School)

देशभरिका प्राथमिक विद्यालयहरुमा तालिम प्रप्त शिक्षकहरु प्रदान गर्ने दृष्टिले नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन सन् १९९४ ले उल्लेख गरेका सुझवहरुको आधारमा वि.सं. २०१४ सालमा College Of Education को स्थापना गरिएको थियो । यसका मुख्य आठओटा विभागहरु थिए । ती आठओटा विभागहरुमध्ये ल्यचकबा क्अजयर्या , चाहिं College Of Education को एउटा भाग थियो । यसले सेवाकालीन र पूर्व सेवाकालीन प्राथमिक शिक्षक तालिम प्रदान गर्थ्यो । सन् १९५९ मा १८ वटा नर्मल स्कूलको स्थापना भएको थियो भने पछि सन् १९६२ मा यो संख्या घटाएर १५ कायम गरियो । एउटा स्कूल केन्द्रमा राखियो भने देशका विभिन्न भागमा ९ वटा र ५ वटा घुम्ती टोलीको रुपमा राखियो ।

तालिमको सुपरीवेक्षण कलेज अफ एजुकेशनले गर्थ्यो । प्राथमिक शिक्षक तालिमका लागि न्यूनतम योग्यता कक्षा ८ पास गरेको हुनुपर्थ्यो । तालिमको कूल समयावधि १०

महिनाको थियो । सन् १९६० तिर ल्यचकबा क्अजययार्  ले १ वर्षे र २ वर्षे शिक्षक तालिम सञ्चालन गर्यो । कक्षा ८ उत्तीर्ण नभएका व्यक्तिहरुलाई २ वर्षे शिक्षक तालिम र उत्तीर्णलाई १ वर्षे तालिम कार्यक्रम थियो । सन् १९६४ देखि ल्यचकबा कार्यक्रमबाट तालिम दिनुको सट्टा स्थायी प्राथमिक शिक्षक प्रशिक्षण केन्द्रको नामबाट तालिम सञ्चालन गरियो । (श्रेष्ठ -२०५६)

### ☞ प्राथमिक स्कूल शिक्षक शिक्षण केन्द्र (Primary School Teacher Training Centre/PSTTC)

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति ( २०१८) को प्रतिवेदनको सुझाव अनुसार सन् १९६४ मा नर्मल स्कूलहरु प्राथमिक शिक्षक तालिम केन्द्रमा परिणत भए र त्यसै बेला देखि प्राथमिक शिक्षक तालिम केन्द्रको नामबाट सन् १९६४ देखि प्राथमिक शिक्षकहरुको तालिम सञ्चालन हुन शुरु भयो । धरन, काठमाडौं, पाल्पा, पोखरा र वीरगञ्जमा गरी ५ वटा प्राथमिक शिक्षक तालिम केन्द्रहरु स्थापना भए । आठकक्षा उत्तीर्ण गर्ने शिक्षकलाई १ वर्षको र आठ कक्षा उत्तीर्ण नभएका शिक्षकलाई २ वर्षको तालिम दिइन्थ्यो । कक्षा १ देखि ५ सम्मका विषयहरु के - कसरी शिक्षण गर्ने भन्ने बारेमा तालिम दिइन्थ्यो । कम्तिमा १ महिना कक्षा शिक्षणका  रुपमा शिक्षण पनि गर्नुपर्दथ्यो । (श्रेष्ठ -२०५६)

### ☞ ए लेभल शिक्षक तालिम कार्यक्रम (A-Level Teacher Training Programme)

सन् १९७१ मा राष्ट्रिय शिक्षा पद्दतिको योजना लागू भएपछि तत्कालीन शिक्षाशास्त्र अध्ययन संस्थान अन्तर्गत अधिकांश क्याम्पसहरुमा २ वर्षे प्रमाण पत्र तह कार्यक्रम लागू गरिएको थियो । प्रमाणपत्र तहको ४ सेमेस्टर मध्ये २ सेमेस्टरलाई ए-लेभल शिक्षक तालिम भनेर नामांकरण गरिएको थियो । यो कार्यक्रम अधिकांश शिक्षा क्याम्पसहरुमा सेवाकालीन र पूर्व सेवाकालीन रुपमा सञ्चालन गरिएको थियो । यो कार्यक्रममा SLC उत्तीर्ण व्यक्तिहरुले भाग लिन पाउँथे र त्रिभुवन विश्वविद्यालयको डिग्री उन्मुख कार्यक्रम थियो । (श्रेष्ठ -२०५६)

### ☞ महिला शिक्षक तालिम (Women's Teacher Training Centre)

सन् १९७१ मा शिक्षा मन्त्रालयले महिलाहरुलाई शिक्षण पेशामा आकर्षित गरी उनीहरुको कार्य दक्षता अभिवृद्धि गर्ने उदेश्यले शिक्षाशास्त्र अध्ययन संस्थान अन्तरगत यो तालिम युनिसेफको सहयोगमा सञ्चालन गरेको थियो । यो कार्यक्रम अन्तरगत ए-लेभल र बी-लेभल गरी २ प्रकारका तालिम सञ्चालन गरिएको थियो । ए-लेभल कार्यक्रमको समयावधि १ वर्षको र यसमा एस्. एल्. सी. उत्तीर्ण महिलाहरुलाई मात्र भर्ना लिइन्थ्यो ।

बी- लेभलको तालिम कार्यक्रम नन् -क्रेडिट कोर्षको रुपमा कक्षा ८ उत्तीर्ण महिलाहरुलाई प्रदान गरिन्थ्यो र पछि गएर SLC टेष्ट उत्तीर्ण र SLC उत्तीर्णलाई दिन बनाएको थियो । (श्रेष्ठ -२०५६)

### ☞ स्थलगत शिक्षक तालिम कार्यक्रम (ON The Spot Teacher Training Programme)

शिक्षाशास्त्र अध्ययन संस्थाले शहरी क्षेत्रका प्राथमिक शिक्षकहरुलाई कम लागतमा सेवाकालीन तालिम दिनका लागि यो कार्यक्रम सञ्चालन गरेको थियो । कम्तिमा ४० जना तालिम अप्राप्त र १ घण्टा भन्दा कम दूरीका विद्यालय शिक्षकहरुलाई शिक्षाशास्त्र अध्ययन संस्थानले स्थलगत तालिम केन्द्र अस्थायी रुपमा खोल्दथ्यो । प्रथमपटक १९७२ सालमा काठमाडौं र ललितपुर तथा पछि भक्तपुर र विराटनगरमा समेत ए- लेभलको ५ महिनाको कार्यक्रमलाई ७ महिनामा पूरा गर्ने गरी सम्बन्धित क्षेत्रमा गएर तालिम दिन शुरु गरिएको थियो । (श्रेष्ठ -२०५६)

### ☞ दुर्गम क्षेत्र शिक्षक तालिम (Remote Area Teacher Training Programme)

यो तालिम शिक्षाशास्त्र अध्ययन संस्थानले मध्यपश्चिमी हिमाली क्षेत्रमा कार्यरत रहेका, प्रा. वि. तहको शिक्षक हुन निम्नतम योग्यता पुगेका तथा नपुगेका तालिम अप्राप्त शिक्षकहरुलाई दिन सन् १९७४ बाट शुरु गरेको थियो । यो पूर्ण रुपमा सेवाकालीन र ४ वर्ष समयावधिको थियो । क्ष्ऋ भन्दा कम योग्यता भएका शिक्षकलाई यो तालिम दिने व्यवस्था गरिएको थियो । यो कार्यक्रम जुम्ला, मुगु, कालिकोङ र डोल्पा जिल्लामा लागू गरिएको थियो । (श्रेष्ठ -२०५६)

### ☞ दूर सिकाइ (Distance Learning)

सन् १९७१ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि तालिम प्राप्त शिक्षकहरुको माग बढ्दै गएकोले क्याम्पसले मात्र यो आवश्यकता पूरा गर्न सम्भव थिएन । त्यसैले कम खर्चबाट थोरै समयमा धेरैजना शिक्षकलाई तालिम प्रदान गर्न सन् १९७२ देखि १९७८ सम्म शिक्षा शास्त्र अध्ययन संस्थानले SLC अनुत्तीर्ण शिक्षकहरुका लागि दूर शिक्षाद्धारा तालिम दिन थाल्यो । (श्रेष्ठ -२०५६)

### ☞ रेडियो शिक्षा शिक्षक तालिम कार्यक्रम (Radio Education Teacher Training Programme)

सन् १९७८ मा USAID को आर्थिक सहयोगमा रेडियो शिक्षा शिक्षक तालिम परियोजना (Radio Education Teacher Training Project) मार्फत सञ्चालन गरिएको थियो । यो एउटा शैक्षिक कार्यक्रमका रुपमा शिक्षाशास्त्र अध्ययन संस्थान अन्तरगत सञ्चालित थियो । पछि सन् १९८० काट तालिमप्राप्त शिक्षकहरुको परिपूर्ति गर्ने उद्देश्य लिई पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रद्वारा यो तालिम कार्यको शुरुवात भएको पाइन्छ । (श्रेष्ठ -२०५६) पछि यसलाई रेडियो शिक्षा शिक्षक तालिम परियोजनाको रुपमा सञ्चालन गरियो । यस कार्यक्रम अन्तरगत प्राथमिक शिक्षकहरुलाई १५० घण्टे आधारभुत प्राथमिक शिक्षक तालिम दिइएको थियो । पछि सन् १९९४ मा दूर शिक्षा केन्द्रको स्थापना भएपछि SLC उत्तीर्ण तालिम अप्रप्त शिक्षकहरुलाई १० महिने प्राथमिक शिक्षक तालिम सञ्चालन हुँदै आएको छ । हाल यस केन्द्रले प्राथमिक शिक्षक तालिम कार्यक्रम अन्तर्गत दोस्रो चरण ५ महिने तालिम सञ्चालन गर्दै आएको पाइन्छ ।

### ☞ सेती मोडेल तालिम (Seti Model Training)

सेती मोडेल तालिम ग्रामीण विकासका निम्ति सेती परियोजना (Education For Rural Development In Seti Zone Project) मार्फत सेती अञ्चलमा सञ्चालन भएको कार्यक्रम हो । यो २१ दिनसम्म आवासीय रुपमा सञ्चालन हुन्थ्यो । समुदाय विकास, व्यक्तिगत स्वास्थ्य, प्राथमिक विद्यालयका विषय शिक्षणहरु तथा शैक्षिक सामग्री को तयारी गर्नुपर्ने गरी यो तालिम स्रोत केन्द्रहरुमा र UNDP, UNESCO, UNICEF को सहयोगमा वि. सं. २०३८ देखि २०४८ सम्म सञ्चालन भएको थियो ।

### ☞ प्राथमिक शिक्षा विकास परियोजनाबाट सञ्चालित तालिम (Training From Primary Education Development Praject )

यो परियोजनाले वि. सं. २०४२ देखि १२ दिने स्रोत केन्द्र स्तरीय तालिम सञ्चालन गर्यो । पछि १८० घण्टे तालिम कार्यक्रम सञ्चालन गर्दै आयो । वि. सं. २०५५र ५६ सम्म NCED मार्फत अढाई महिने प्राथमिक शिक्षक तालिमहरु सञ्चालन गर्दै आयो । (श्रेष्ठ - २०५६)

### ☞ चार महिने शिक्षक तालिम ( Four Month Teacher Training)

यसको पाठ्यक्रम एभ्म्ए ले २०४९ र ०५० सालबाट विकास गरेको थियो । यो तालिमले शिक्षकमा उपयोगी ज्ञान, सीप र अभिवृत्ति विकास गर्ने लक्ष्य राखेको थियो । यसलाइ २ महिनाको दरले A,B,E,D गरी ४ आटा प्याकेजहरुमा विभाजन गरिएको थियो । प्रत्यक तालिम प्याकेज २९० Credit Hours  का थिए । शिक्षा, कक्षा कोठा व्यवस्थापन,

सामाजिक अध्ययन शिक्षण, नेपाली, गणित, सिर्जनात्मक अभिभिव्यक्तिशील कला, अंग्रेजी, विज्ञान, स्वास्थ्य तथा जनसंख्या र वातावरण शिक्षा, शरीरिक र प्राथमिक शिक्षा विषयहरुको तालिम दिइन्थ्यो तर यो कार्यक्रममा A/B Pakages मात्र सञ्चालनमा आए । (श्रेष्ठ -२०५६)

### ☞ आधारभूत शिक्षक तालिम कार्यक्रम (Basic Teacher Training Programme)

शिक्षक शिक्षण योजना लागू भएपछि आधारभूत अढाइ महिने आधारभूत तालिम कार्यक्रम सञ्चालनमा आएको देखिन्छ । NCED अन्तरगत स्थापित PTTC / ENT ( Extensive Training Networks) मार्फत यो तालिम सञ्चालन भइ पनि रहेको छ । (NCED –2003)

### ☞ कोप शिक्षक तालिम (Community Owned Primary Education Programme)

UNDP को सहयोगमा स्थानीय विकास मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयले संयुक्त रुपमा यो तालिम कार्यक्रम सञ्चालन गरेका थिए । NCED 545 TEM बाट सञ्चालित प्रथम अढाइ महिने तालिम सरह यो तालिमलाई मान्यता प्रदान गरिएको छ । (सुवेदी - २००२ )

### ☞ दश महिने शिक्षक तालिम कार्यक्रम (Ten Month Teacher Training Programme)

शिक्षा आयोगको प्रतिवेदन २०४९ को सुझाव बमोजिम शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भई विभिन्न प्राथमिक शिक्षक तालिम केन्द्रहरु मार्फत १० महिने सेवाकालीन शिक्षक तालिम कार्यक्रमहरु सञ्चालनमा आएका छन् । अढाइ महिनाका दरले ४ वटा प्याकेजका रुपमा १० महिनाको सेवाकालीन र पूर्व सेवाकालीन तालिम सञ्चालन हुँदै आएको थियो । शिक्षक शिक्षण आयोजना शुरु भएपछि माध्यमिक शिक्षा विकास एकाइ, शिक्षा शास्त्र संकायका क्याम्पसहरु, उच्च मा. वि. हरु, कही निजी क्षेत्रका तालिम संस्थाहरु र घुम्ती टोलीबाट समेत प्रथम अढाइ महिने र दोस्रो अढाई महिने तालिम सञ्चाालन हुँदै आएका छन् भने दूर शिक्षा केन्द्रबाट दोस्रो चरणको ५ महिने तालिम सञ्चालन हँदै आइरहेको छ । NCED ले तालिम सञ्चालन गर्न स्वीकृत दिएका संस्थाहरुबाट प्रथम र दोस्रो सेमेस्टर गरी ५५ महिनाको पूर्व सेवाकालीन तालिम पनि विगतका केही वर्षदेखि सञ्चालनमा आइरहेका छन् । शिक्षक शिक्षण आयोजना शुरु भएपछि सेवाकालीन र पूर्व सेवाकालीन शिक्षक दुवै खालका तालिम कार्यक्रमहरुको पाठ्यक्रमहरु परिवर्तन भइसकेका छन् । यस अनुसार शैक्षिक जनशक्ति विकास केन्द्रले

सञ्चालनमा ल्याएका सेवाकालीन १० महिने प्राथमिक शिक्षक तालिम कार्यक्रमको ढाँचा यस प्रकार रहेको छ :-

**१. प्रथम चरण**

- अढाई महिने (३३० घण्टे)
- आधारभूत प्राथमिक शिक्षक तालिम
- आमनेसामने पद्धतिबाट तालिम दिइने
- अधिराज्यका ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्र

वैकल्पिक तालिम केन्द्रहरु (उच्च मा.वि.हरु, शिक्षा शास्त्र संकायका क्याम्पसहरु, माध्यमिक शिक्षा विकास एकाइहरु, निजीस्तरबाट सञ्चालित तालिमकेन्द्रहरु, घुम्ती टोलीहरु) मार्फत सञ्चालन हुने ।

**२. दोस्रो चरण**

- ६ महिने (६६० घण्टे)
- दूर शिक्षा पद्धति (रेडियो बाट)
- दूर शिक्षा विकासकेन्द्र मार्फत तालिम सञ्चालन हुने ।

**३. तेस्रो चरण**

- २.५ महिने (३३० घण्टे)
- आधारभूत प्राथमिक शिक्षक तालिम
- आमने सामनेबाट तालिम दिइने -विद्यालयमा आधारित)

अधिराज्यका ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्र, वैकल्पिक तालिम केन्द्रहरु ( उच्च मा. वि. हरु शिक्षा शास्त्र संकाय भएका क्याम्पसहरु, माध्यमिक शिक्षा विकास एकाइहरु निजी स्तरबाट सञ्चालित तालिम केन्द्रहरु, घुम्ती टोलीहरु ) मार्फत तालिम सञ्चालन हुने ।

### ☞ माध्यमिक र निम्न माध्यमिक शिक्षकहरुको तालिम सम्बन्धमा

माध्यमिक र निम्नमाध्यमिक तहमा स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक हरुलाई २०६१ साल अगाडि सेडुबाट तालिम दिईंदै आएकोमा २०६१सालदेखि देशभरमा ३४ तालिम केन्द्र कायम गरी तिनमै क र ख तालिम केन्द्र निर्धारण गरी क बाट प्राथमिक शिक्षक तालिम र ख बाट नि.मा.शि.,मा.शि. शिक्षक तालिम मोडुल -मोडुलामा दिने गरिएको छ । स्वीकृत दरवन्दीमा रहेका अस्थायी र स्थायी दुवै तालिम अप्राप्त शिक्षक सम्पूर्णलाई तालिम प्राप्त बनाउन नेपाल सरकारले नीति आ. ब. २०६५र०६६ मा नै निर्माण गरी कार्यन्वयनमा ल्याएको छ । २०६५ लाई त तालिम वर्षकै रुपमा अगाडि ल्याएको थियो । देशभरका स्वीकृत दरवन्दीमा कार्यरत प्राथमिक शिक्षकहरु मध्ये ९८५ शिक्षकहरु तालिम प्राप्त भएको तथ्याङ्क शैक्षिक जनशक्ति विकास केन्द्र सानो ठिमी भक्तपुरले वार्षिक रुपमा प्रकाशित गर्ने २०६६ को शिक्षक किताबमा उल्लेख गरेको छ ।

## १.२ समस्याको कथन (Statement Of The Problem)

शैक्षिक गुणस्तर वृद्धि गर्नु भनेकै शिक्षकहरुमा रहेको पेशागत दक्षतामा अभिवृद्धि गरी शिक्षकलाई क्षमतावान् एवम् कुशल बनाई अध्यापन गर्न लगाउनु हो । बच्चामा आएको परिवर्तन बाट नै शिक्षाको गुणस्तरको मापन गरिन्छ । एक निश्चित तहको विद्यार्थीले सो तहका लागि तोकिएका सिकाइ उपलब्धिहरुमध्ये कति प्राप्त गर्यो त्यसैमा उसको शिक्षाको गुणस्तर मापन गरिन्छ । यसरी शिक्षाको गुणस्तरको पाटोलाई हेर्ने हो भने अपेक्षित उपलब्धि प्राप्त हुन सकिरहेको छैन । उदाहरणका लागि कक्षा -५ का औसत विद्यार्थीहरु राम्रो सँग अंग्रेजीमा लेख्न र बोल्न सक्दैनन् । त्यस्तै अन्य कक्षाहरुका विद्यार्थीले प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि अति नै कम छ । यो कार्यमा सबैभन्दा महत्वपूर्ण भूमिका बालबालिकालाई सिकाउने गुरुको हुन्छ । जबसम्म शिक्षक आवश्यक महत्वपूर्ण योग्यताले पूर्ण भई त्यसको कार्यन्वयन गर्दैन, तवसम्म शैक्षिक गुणस्तरको कुरा प्रायः असम्भव छ ।

सामुदायिक विद्यालयहरुमा अध्यापन गराउने सबै तहका दरवन्दीका शिक्षकहरुलाई अनिवार्य सेवाकालीन तालिमको व्यवस्था गरिएको छ । सरकारले गरेको यति ठूलो लगानिको प्रतिफल भनेको विद्यालयको राम्रो व्यवस्थापन, प्रभावकारी योजना निर्माण तथा कार्यन्वयन र विद्यार्थीको सिकाइ उपलब्धी नै हो । तर हालको सन्दर्भमा सबै

पक्षबाट उठाइएको प्रश्न भनेको शिक्षकलाई तालिममा गरिएको लगानी अनुरुप शैक्षिक गुणस्तरमा बृद्धि भएको छ त ? शिक्षकले तालिममा सिकेका कुराहरु लक्षित वर्गमा पुर्याइएका छन् , छैनन् ? शैक्षिक गुणस्तर कुन स्तरमा छ ? शिक्षक तालिमको अवस्था के छ ? उपलब्धिको प्रभावकारिता कस्तो रहेको छ ? भन्ने सम्बन्धमा यस अनुसन्धान कार्यबाट खोजि गरिएको छ ।

## १.३ अध्ययनको औचित्य (Rational Of The Study)

सहज तरिकाबाट गुणस्तरीय शिक्षा प्रदान गर्नु विद्यालय संचालनको प्रमुख उद्देश्य हो । गुणस्तरीय उत्पादन तबमात्रै आशा गर्न सकिन्छ  जब त्यसका लगानी तथा प्रक्रियालाई पनि समान रुपमा गुणस्तरीय बनाइन्छ । शिक्षक, विद्यार्थी, भौतिक शुविधा, पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यालय निरीक्षक, स्रोत व्यक्ति आदि यसका लगानी हुन् भने शिक्षक विधि, शिक्षण तरिका, विद्यार्थीको समय र कार्य यसको प्रक्रिया हो । लगानी भएर मात्र पुग्दैन, यदि त्यो लगानीको सही सदुपयोग भएन अथवा हामीले आशा गरेको गुणस्तरीय शिक्षा हासिल गर्न सकिंदैन ।

गुणस्तरीय शिक्षाका लागि शिक्षकले विषयवस्तुले माग गरे अनुसारका शिक्षकण विधि र तालिकालाई अवलम्बन गर्न सक्नुपर्दछ ।  त्यसका लागि उनीहरुसँग पर्याप्त ज्ञान, सीप र पेशाप्रति लगाव आवश्यक हुन्छ । शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०४९ संशोधनसहितले शिक्षकहरुका लागि अध्यापन अनुमति पत्र हुनुपर्ने व्यवस्था गरेको छ । तर तालिम नलिएका व्यक्तिहरुलाई पनि  उक्त अध्यापन अनुमति पत्रको परीक्षामा सामेल हुन दिएको कारण अझै पनि तालिम अप्राप्त शिक्षकको संख्या विद्यालयहरुमा धेरै छ । त्यस्ता अध्यापन अनुमति पत्र लिएका तालिम नलिएका व्यक्तिहरुलाई विद्यालय व्यवस्थापन समितिले सामुदायिक शिक्षक ( राहत शिक्षक) को रुपमा हजारौंर्लो नियुक्त गरेको छ ।  नेपाल सरकारले स्वीकृत दरबन्दीमा रहेका शिक्षकलाई अनिवार्य सेवाकालीन तालिमको व्यवस्था गरेको छ भने राहत शिक्षकलाई अनिवार्य सेवाकालीन तालिमको व्यवस्था गरेको छ भने राहत शिक्षकलाई अहिलेसम्म ठूलो असर परेको देखिन्छ ।

यसै सन्दर्भमा यस अनुसन्धानकर्ताले शिक्षकले तालिम लिएर पनि तालिममा सिकेका कुराहरु कक्षाकोठामा स्थानान्तरण न्यून रुपमा भएको सवालमा शिक्षकमा गरिएको लगानी अनुरुप प्रतिफल निराशाजनक अवस्थामा रहेको हालको परिक्ष्यमा शैक्षिक गुणस्तर वृद्धिमा केही हदसम्म भने पनि सुधार हुने अपेक्षाका साथ यो विषय छनौट गरिएको हो ।  यो अध्ययन सप्तरी जिल्लाका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक शिक्षिकाहरुमा केन्द्रित भएपनि उक्त विषय देशभरिकै समस्याको रुपमा रहेको हुँदा यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य (Objectives Of The Study)

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नलिखित छन् :-

१. शिक्षक तालिमको वर्तमान अवस्थाको पहिचान गर्ने ।

२. तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षण सिकाइबीच तुलना गर्ने ।

३. तालिम प्राप्त शिक्षकले सिकेका सीपहरु कक्षाकोठामा स्थानान्तरण भए नभएको लेखाजोखा गर्ने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु ( Research Questions)

यस अनुसन्धानका लागि निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरु रहेका छन् :-

१. कति शिक्षकहरु तालिमप्राप्त छन् ?

२. कति शिक्षकहरु तालिम अप्राप्त छन् ?

३. तालिमप्राप्त र तालिम अप्राप्त शिक्षकको शिक्षण सिकाई बीच भिन्नता छ , छैन?

४. शिक्षकहरु कक्षाकोठामा प्रवेश गर्दा पाठयोजनाका साथ प्रवेश हुन्छन् कि हुँदैनन्?

५. बालबालिकाहरु तालिम प्राप्त र अप्राप्त शिक्षकमा कसको कक्षा मन पराउँछन्

६. शिक्षकले कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग गर्छन् कि गर्दैनन् ?

७. विद्यालयको सिकाइ उपलब्धि स्तर कस्तो रहेको छ ?

## १.६ अध्ययनका परिसीमाहरु (Delimitation of the study)

अनुसन्धानले जति धेरै क्षेत्रलाई समेट्न सक्यो त्यसको विश्वसनीयता र वैद्यताको स्तर पनि त्यति नै उच्च रहन्छ तर सीमित स्रोत, साधन र समयका कारण त्यसलाई व्यापक बनाउन कठिन हुन्छ । यसै कारणले गर्दा यो अनुसन्धानमा पनि सप्तरी जिल्लाका सबै विद्यालयलाई समेट्न नसकिने भएकोले तिलाठी स्रोतकेन्द्र अन्तर्गतका अनुसूची ७ मा रहेका १० वटा विद्यालयहरुमा क्षेत्र सीमित गरिएको छ ।

# परिच्छेद २

## सम्बन्धित साहित्यको पुनरावलोकन (Review of related Literature)

### अध्ययनको सैद्धान्तिक खाका

शैक्षिक योजना तथा व्यवस्थापन एम्.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि गरिने शोधपत्र **सप्तरी जिल्लामा शिक्षक तालिम र उपलब्धिको प्रभावकारिता : एक अध्ययन**का लागि सोसँग सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको हो । यस अध्ययन पूरा गर्नका लागि तल पुनरावलोकन गरिएका साहित्यले यो अध्ययनलाई सहयोग गर्ने तथा सम्बन्धित समेत भएकाले निम्न लिखित साहित्यको पुनरावलोकन गरिएको छ :

### २.१ प्राथमिक शिक्षक तालिमबाट काठमाडौं जिल्लाका विद्यालयमा कक्षाकोठा व्यवस्थापन र विद्यार्थीको शैक्षिक उपलब्धिमा पारेको प्रभाव : एक अध्ययन

उपरोक्त शोधपत्र वालकृष्ण चापागाईंद्धारा महेन्द्ररत्न क्याम्पस, ताहाचल काठमाण्डौंबाट एम.एड. गर्ने सन्दर्भमा आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिने शोधपत्र अन्तरगत २०६१ सालमा तयार गरिएको हो ।

शोधकर्ताले नेपालमा शिक्षकहरुलाई दिएको तालिमबाट शिक्षकहरुमा कत्तिको दक्षता बृद्धि भएको छ र विद्यार्थीको सिकाइ उपलब्धिमा कस्तो प्रभाव परेको छ भन्ने कुराको बारेमा सुझाउनु भएको छ । शोधकर्ताले यस सन्दर्भमा काठमाण्डौं जिल्ला भित्र महानगरपालिका क्षेत्रका ५ वटा विद्यालयहरु र गाउँ विकास समितिका ५ वटा विद्यालयहरुका तालिम प्राप्त शिक्षकहरुलाई आफ्नो अध्ययनका रुपमा केन्द्रित गर्नु भएको छ । यस अध्ययनको क्रममा शोधकर्ताले तालिम केन्द्रका प्रशिक्षक, विद्यालएका विद्यर्थी र प्रधानाध्यापकसँग अन्तरक्रिया एवम् छलफल गरेको देखिन्छ । शोधपत्रमा शिक्षकलाई तालिम दिने विभिन्न संस्थाहरुको परिचय एवम् इतिहास समेटिएको छ । शिक्षकले तालिम प्राप्त गरेर पनि तालिममा सिकेका कुराबाट सिकाइ उपलब्धिमा केही न्यूनमात्रामा मात्र सुधार भएको निचोड निकालेका छन् ।

**शोधकर्ताले यस अध्ययनका उद्देश्यहरु निम्न बमोजिम राखेका थिए :**

१. हाल संचालित सेवाकालीन प्राथमिक शिक्षक तालिम तेश्रो चरणप्रति शिक्षकहरुको दृष्टिकोणको पहिचान गर्नु ।

२. तालिम प्राप्त शिक्षकहरुको कक्षाकोठा व्यवस्थापनको लेखाजोखा गर्नु ।

३. तालिम प्राप्त शिक्षकहरुको शिक्षणबाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा पारेको प्रभावको लेखाजोखा गर्नु ।

४. तेश्रोचरणको तालिम संचालन प्रक्रियाको सवल र दुर्वल पक्षहरु केलाई सुधारका लागि आवश्यक उपायहरु पत्ता लगाउनु ।

अध्ययनका लागि उनले काठमाण्डौं जिल्ला अन्तर्गत महानगरपालिका भित्रबाट ५ वटा विद्यालय र गा. वि. सं. बाट ५ वटा विद्यालयहरुका तालिम प्राप्त शिक्षकहरुलाई अध्ययन क्षेत्रको रुपमा लिएका थिए । शिक्षकहरु सबै सेवाकालीन तालिम १० महिने पुरा गरेका थिए। शोधकर्ताले विद्यालयका प्रधानाध्यापक , शिक्षक एवम् विद्यार्थीहरुसँग पर्याप्त रुपमा अन्तरक्रिया तथा छलफल गर्नु भएको छ । प्र. अ. र विद्यर्थीको तालिम प्राप्त शिक्षकले परिवर्तन ल्याएका छन् , छैनन् भनि धारणा बुझ्ने काम गरेका थिए । शिक्षकले तालिम लिनु भन्दा अगाडि पढाएका विषयमा विद्यर्थीले हासिल गरेका सिकाइ उपलब्धि बीच भिन्नता पत्तालगाइ प्रभावकारीताको बारेमा अध्ययन गरिएको थियो । सो क्रममा कक्षा अवलोकलाई साधनको रुपमा लिएको देखिन्छ । गत २ वर्षका विद्यार्थीका बार्षिक प्रगतिलाई तुलनात्मक रुपमा अध्ययन गरिएको छ । प्राप्त तथ्याङ्कहरु जुन छानिएको जनसंख्याबाट लिइएको थियो , त्यसलाई संकलन गरी तिनीहरुको प्रकृति अनुसार त्यसलाई टेबुलेशन गर्ने, प्रशोधन गर्ने, बर्गिकरण आदि गर्ने काम शोधकर्ताले गरेका थिए । तथ्याङ्कहरुलाई गुणात्मक र संख्यात्मक दुवै प्रकारले विश्लेषण गर्नका साथै त्यसको बैधता र विश्वसनीयता परीक्षण एवम् सामान्यिकरण समेत गरिएको थियो ।

**शोधकर्ताले निम्न अनुसारका साधनहरु प्रयोग गरेका थिए :**

१. अन्तरवार्ता

२. प्रश्नावली

३. अवलोकन

४. विद्यालय सर्वेक्षण फारम

यस अध्ययनबाट प्राप्त सूचनाको आधारमा शोधकर्ताले तल उल्लेखित प्राप्तिहरु

शोधपत्रमा उल्लेख गरेका छन् :

१. सेवाकालीन तालिमतर्फ शिक्षकको रुची देखिन्छ ।

२. तालिमले आफ्नो पेशागत क्षमता अभिबृद्धि गर्न सक्छ भन्ने विश्वास शिक्षकहरुमा रहेको देखिन्छ ।

३. तालिम प्राप्त शिक्षकहरुले प्रभावकारी शिक्षण कसरी गर्न सकिन्छ ? कुन कुन

तालिकाबाट विद्यार्थीहरुलाई सिक्न उत्प्रेरित गर्न सकिन्छ ? भन्ने बारेमा सैधान्तिक ज्ञान हाँसिल गरेका छन् ।

४. शिक्षणमा कक्षाकोठा व्यवस्थापन के हो ? भन्ने बारेमा उनीहरुलाई सैधान्तिक ज्ञान अपुग देखिन्छ ।

५. तालिममा सिकेका सीपलाई कक्षाकोठाको वातावरण, विद्यार्थी संख्या, शिक्षकको साप्ताहिक कार्यबोझ, निरन्तर अनुगमन र पृष्ठपोषणको कमी तथा विद्यालय स्टाफमा शैक्षिक वातावरणको कमी जस्ता कुराले कक्षाकोठामा व्यवहारमा उतार्न कठिनाइ भएको शिक्षकले देखाउँछन् ।

६. शिक्षकले तालिम लिनुअघि र तालिम लिइसकेपछि शिक्षण गरेका विद्यार्थीको सिकाइ उपलब्धिमा खासै अन्तर भेटिएन ।

७. तालिम प्राप्त शिक्षक आफूले पढाएका विद्यार्थीको औसत सिकाइ उपलब्धि स्तर कस्तो रह्यो भनी हेर्ने र त्यसलाई विश्लेषण गर्ने प्रचलन छैन ।

८. तालिम प्राप्त शिक्षकहरुबाट आफूआफूमा पेशागत अनुभव आदानप्रदान गर्ने र साझा समस्याको बारेमा छलफल गर्ने वातावरण विद्यालय भित्र बन्न सकेको छैन ।

९. निरन्तर अनुगमन र शिक्षण पेशाप्रति प्रतिबद्धताको अभावले शिक्षकले तालिममा सिकेका कुरा  व्यवहारमा उतार्ने कुराप्रति जाँगरिलो नभएको देखाएका छन् ।

## २.२ दूर शिक्षाले धनकुटा जिल्लाका प्राथमिक शिक्षकहरुको शिक्षण सिकाइमा पारेको प्रभावको : एक अध्ययन

यो सोधपत्र रमेश प्रसाद लुइटेलले त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, एम. एड. दोश्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिने शोधपत्र लेख्ने सन्दर्भमा तयार गर्नु भएको हो । यो शोधपत्र २०५९ सालमा तयार गरिएको हो । शोधपत्रमा शोधकर्ताले दूर शिक्षाले संचालन गरेको प्राथमिक शिक्षक तालिम र त्यसको शिक्षण सिकाइमा पारेको प्रभावको अध्ययन गर्नुभएको हो । यस सन्दर्भमा उहाँले धनकुटा जिल्लाका १० वटा विशुद्ध सामुदायिक प्राथमिक विद्यालय नमूना छनौटमा लिनुभएको छ । ५ वटा गा. वि. सं. बाट २/२ वटाका दरले जम्मा १० वटा विद्यालय Random

Sampling को आधारमा छनौट गर्नुभएको छ । छनौटमा परेका विद्यालयका प्र.अ. र प्रत्येक विद्यालयबाट १ जना तालिम प्राप्त शिक्षक र १ जना तालिम अप्राप्त शिक्षकलाई गरी जम्मा १० जना शिक्षकलाई प्रश्नावली भराइएको देखिन्छ । त्यसैगरी शिक्षकहरुको शिक्षण सिकाइको प्रभावकारिता पत्ता लगाउन कक्षा अवलोकन गरेको देखिन्छ ।

**शोधकर्ताले यस अध्ययनका उद्देश्यहरु निम्न बमोजिम राखेका थिए :**

१. दूर शिक्षा केन्द्रले संचालन गरेको तालिम कार्यक्रमका गतिविधिहरुको लेखाजोखा गर्ने ।

२. तालिम प्राप्त र अप्राप्त प्राथमिक शिक्षकहरुको दूर शिक्षाप्रतिको दृष्टिकोणको लेखाजोखा गर्ने ।

३. तालिम प्राप्त र अप्राप्त प्राथमिक शिक्षकहरुले संचालन गरेको शिक्षण सिकाइबाट विद्यार्थीको उपलब्धिको प्रभावको लेखाजोखा गर्ने ।

४. तालिमको सवल र दुर्वल पक्षहरुको सूचीकरण गरी सुधारका उपायहरु पत्ता लगाउने ।

शोधकर्ताले आफ्नो शोधकार्यलाई धनकुटा जिल्लाका १० वटा प्राथमिक विद्यालयमा सीमित गर्नुभएको छ । यस कार्यका लागि सूचनाको संकलन, छलफल र प्रश्नावली जस्ता साधनहरुको प्रयोग गरिएको देखिन्छ । छनौट गरिएका १० वटा विद्यालयका १/१ जना प्र. अ. , तालिम प्राप्त र अप्राप्त ५/५ जना शिक्षक र प्रत्येक विद्यालयबाट ३/३ जना विद्यार्थीलाई यो शोधपत्रका लागि प्रयोग गरिएको देखिन्छ ।

उपयुक्त जनसंख्यासँगको छलफल, अन्तरक्रिया , प्रश्नावली र अवलोकनका माध्यमबाट प्राप्त तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार विश्लेषण गर्नुभएको छ । यस अध्ययनबाट शोधकर्ताले निम्न कुराहरु पत्ता लगाएको उल्लेख गर्नुभएको छ

१. शिक्षकहरुले तालिम पाउने कुरामा आफुहरु आशावादी भएको र छिटो तालिम प्राप्त हुन सके गुणात्मक शिक्षाको विकासमा ठूलो सहयोग पुग्ने धारणा छ ।

२. योजना अनिवार्यरुपले बनाई सोही अनुसार मात्र शिक्षण गर्नुपर्ने भए पनि अध्ययनको क्रममा केवल तालिम प्राप्त शिक्षकहरुमा ३५ प्रतिशतले मात्र पाठयोजना बनाई शिक्षण गर्ने गरेका छन् ।

३. तालिम प्राप्त शिक्षकले विद्यार्थीहरुलाई सिकाइका लागि उत्प्रेरित गर्ने गरेको पाइयो भने तालिम अप्राप्त शिक्षकले विद्यार्थीलाई सिक्न उत्प्रेरित गर्ने गरेको पाइएन ।

४. तालिम प्राप्त शिक्षकले शिक्षण विधि, प्रस्तुति, शिक्षण क्रियाकलाप, कक्षा व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन, शिक्षक विद्यार्थी छलफल उपयुक्त ढंगले संचालन तथा प्रयोग गरेका छन् भने तालिम अप्राप्त शिक्षकले कक्षा शिक्षण गर्दा उक्त कुराहरुमा त्यति ध्यान दिइएको पाइदैन ।

५.तालिम अप्राप्त शिक्षकहरुले त्रैमासिक , अर्धवार्षिक र वार्षिक परीक्षा प्रणालीबाट मात्र विद्यार्थीको मूल्याङ्कन गरेको पाइयो भने तालिम प्राप्त शिक्षकले यसका अलवा एकाइ परीक्षा र मासिक परीक्षा समेत लिने गरेको पाइयो ।

६. शिक्षणको क्रममा बीच बीचमा मूल्याङ्कन गर्ने र गृहकार्यबाट मूल्याङ्कन गर्ने तालिम प्राप्त शिक्षकहरुनै भएको पाइयो ।

७. शिक्षक तालिम प्राप्त भएर पनि कार्यबोझले तालिममा सिकेका कुरा कक्षाकोठामा स्थानान्तरण गर्न सकेको छैन ।

८. पुरस्कार र दण्डको व्यबस्था नहुँदा शिक्षकहरु आफ्नो दक्षता प्रस्तुत गर्न उत्प्रेरित छैनन् ।

९. विद्यालयको भौतिक पक्ष कमजोर भएका कारणबाट कुशल शिक्षणमा कठिनाइ परेको देखिन्छ ।

## २.३ शिक्षक शिक्षा ( Teacher Education)

यो स्रोत सामग्री २०६६ जेष्ठ महिनामा शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी भक्तपुरले प्रकाशन गरेको एउटा महत्वपूर्ण शैक्षिक प्रकाशन हो । यसले शैक्षिक सूचक, योजना संरचना र नियम कानूनको विश्लेषणात्मक अध्ययन गरेको छ । यो पुस्तक खास गरेर शिक्षक, प्रधानाध्यापक, विद्यालय, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्रोतव्यक्ति जो शिक्षण पेशामा संलग्न छन् , तिनीहरुका लागि तयार गरिएको हो । यस बाहेक यो पुस्तक शिक्षा क्षेत्रका योजना निर्माता कर्मचारी , निरीक्षक तथा सुपरिवेक्षक, विद्यार्थी र अन्य व्यक्तिहरुका लागि पनि उपयोगी सामग्रीका रुपमा रहेको छ । यस पुस्तकले पाठकको ज्ञान र सीपलाई तिखार्न निकै सहयोग गर्न सक्छ । यस पुस्तकका मूख्य मूख्य विषयहरुमा नेपालमा शैक्षिक विकास, चुनौती तथा सुधारका लागि विकास , विद्यार्थीको शैक्षिक उपलब्धिमा शिक्षकको भूमिका, शिक्षक उपस्थितिका कारकतत्वहरु र परिणाम, शिक्षकको पेशागत नीति, शिक्षण सिकाइ क्रियाकलापमा पाठ्यसामग्रीको अनुकूल, शैक्षिक नीति निर्माण प्रक्रियामा अनुसन्धानको उपयोग, प्रधानाध्यापकको शैक्षणिक नेतृत्व, नेपालमा विद्यालय सुधार योजनाको अभ्यास, शिक्षक तालिमकक र

जीवन पर्यन्त पेशागत विकास, सिकाइ वातावरण र विद्यालयको प्रभावकारिता आदि रहेका छन् । यस पुस्तकले शिक्षकको पेशागत दक्षता बृद्धि गर्न, विद्यालय व्यवस्थापन प्रभावकारी ढंगबाट गर्न, योजना निर्माण गर्न, नीति नियमको जानकारी प्राप्त गर्न, नयाँ संरचनाको बारेमा जानकारी प्राप्त गर्न तथा विभिन्न खोज अनुसन्धानबाट प्राप्त भएका तथ्यहरु प्राप्तिका लागि सहयोग गर्दछ ।

**यस सामग्री तयार गर्नुको उद्देश्यहरु निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :**

१. शिक्षामा पहुँच र समन्वयको सुनिश्चित गर्नु ।

२. शैक्षिक गुणस्तर र सान्दर्भिकतामा बृद्धि गर्नु ।

३. शैक्षिक योजना निर्माण गर्न सहयोग गर्नु ।

४. शिक्षकको पेशागत दक्षताको बृद्धि गर्नु ।

५. तालिम सम्बन्धी विविध जानकारी प्रदान गर्नु ।

६. शैक्षिक जनशक्तिलाई उचित ढंगले परिचालन गर्न सहयोग गर्नु ।

**यस स्रोत सामग्रीको सवल बुँदाहरु निम्नानुसार छन् :**

१. यस पुस्तकमा शैक्षिक अनुसन्धानहरुबाट प्राप्त सूचनाहरुलाई उल्लेख गरिएको छ, जसबाट शिक्षा क्षेत्रमा काम गर्ने सबैलाई अगाडि बढ्न सहज हुने देखिन्छ ।

२. शिक्षक तालिम र त्यसको प्रभावकारीता सम्बन्धी विभिन्न लेखहरु समाविष्ट गरिएको छ, जसले गर्दा स्थानीय तहमा कार्यान्वयन गर्न सहयोग पुग्ने देखिन्छ ।

३. अनुसन्धानकर्ता, व्यवस्थापक, योजना निर्माणकर्ताहरुलाई पनि यो सन्दर्भ सामग्रीले निकै ठूलो सहयोग पुर्याउने देखिन्छ किनभने यस पुस्तकमा सो व्यक्तिहरुले गर्ने काम सम्बन्धी आवश्यक सामग्रीहरु पनि उल्लेखित छन् ।

४. शिक्षण सिकाइलाई व्यवस्थित र प्रभावकारी बनाउने विविध तरिका र उपायहरुको बर्णन गरिएकोले पनि शिक्षक बर्गलाईै यसले मद्दत पुर्याउने देखिन्छ ।

५. सुपरिवेक्षणको रुपमा काम गर्ने स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई पनि  प्रशस्त मार्ग निर्देश गरेको छ ।

६. यो पुस्तकमा प्रयोग भएको भाषा स्पष्ट र सरल रहेको छ ।

७. केही महत्वपूर्ण सूचनाहरुलाई टेबुल तथा चार्टमा प्रस्तुत गरिएकोले पाठवर्गलाई बुझ्न सजिलो नै बनाएको छ ।

८. यस पुस्तकले विद्यालयको हालको नयाँ संरचनाको बारेमा सम्बन्धित सबैलाई जानकारी गराएको छ ।

९. धेरैजसो शीर्षकहरुको सारांश उल्लेख गरेर पाठकहरुलाई सन्दर्भ बुझ्न सहजता प्रदान गरेको छ ।

सम्बन्धित यी माथिका पूर्व साहित्यहरुको पुनरावलोकनबाट यो शोधग्रन्थ तयार पार्ने क्रममा शोधकर्तालाई तल उल्लेख भए बमोजिमको सैधान्तिक ज्ञान प्रदान गरेकोछ :

१. यस शोधग्रन्थको अनुसन्धान ढांचा तयार पार्नलाई ठूलो सहयोग मिल्यो ।

२. नमूना जनसंख्या छनौट गर्नलाई सम्बसन्धित साहित्यको पुनरावलोकन कार्यले मद्दत पुर्यायो ।

३. यो तथ्याङ्क संकलन गर्ने साधनहरु जस्तोः प्रश्नावली निर्माण गर्न, समूह छलफल संचालन गर्न र अवलोकन फारामहरु निर्माण गर्न सहयोग पुर्यायो ।

४. तथ्याङ्कहरुको विश्लेषण गर्ने तरिकाको सन्दर्भमा पनि सहयोग मिल्यो ।

५. सम्पूर्ण रुपमा शोधग्रन्थको तयारी गर्न सहयोग प्राप्त भयो ।

# परिच्छेद ३

## अध्ययन विधि (Methodology)

### ३.१ अनुसन्धान ढांचा (Design of the study)

यो अध्ययन कार्य नेपालमा सामुदायिक विद्यालयहरुमा  कार्यरत शिक्षक एवम् शिक्षिकाको तालिम तथा उपलब्धि सम्बन्धी विषयसँग सम्बन्धित छ । यसमा खास गरेर सामुदायिक विद्यालयहरुमा पढाउने शिक्षक शिक्षिकाहरु कतिले तालिम प्राप्त गरेका छन् कतिले छैनन् ? तालिमको अवस्था कस्तो रहेको छ ? तालिममा सिकेका सीपहरु शिक्षकले कक्षाकोठामा स्थानान्तरण गरेका छन् कि छैनन् ? लेखाजोखा गर्ने तथा तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षक बीचको शिक्षण सिकाइमा कस्तो भिन्नता छ ? भन्ने कुराको बारेमा विश्लेषण गर्ने जमर्को गरिएको छ । यस अध्ययनलाई सप्तरी जिल्लामा सीमित गरिएको छ । यो अध्ययनमा खास गरेर तालिम प्राप्त र अप्राप्त शिक्षकले बालबालिकालाई सिकाउँदा कतिको प्रभावकारी शिक्षण सिकाइ गरेका छन् एवम् तालिममा सिकेका कुरा कक्षाकोठामा कत्तिको लागू गरेका छन् भन्ने कुरा बुझ्न प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, शिक्षक र विद्यार्थीहरुलाई जनसंख्याको रुपमा लिइएको छ । यस अध्ययनले तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको कक्षा अवलोकन गर्ने एवम् उनीहरुले पढाएका विषयवस्तुहरुमा विद्यार्थीहरुले हाँसिल गरेका सिकाइ उपलब्धिको लेखाजोखा गर्ने कार्य पनि गरेको छ । यसका लागि अनुसन्धानको ढांचा वर्णनात्मक र विश्लेषणात्मक दुवै प्रकारको रहेको छ ।

### ३.२ जनसंख्या र नमूना छनौट विधि (Population and sample selection)

यस अध्ययनका क्रममा सप्तरी जिल्लाका १७ वटा सामुदायिक विद्यालयमा प्रत्येकबाट १/१ जना प्रधानाध्यापक, १/१ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, १/१ जना शिक्षक अभिभावक संघका अध्यक्ष, ३/३ जना विद्यार्थी तथा सबैबाट १० जना तालिम प्राप्त शिक्षक र १० जना तालिम अप्राप्त शिक्षक गरी जम्मा ११९ जना जनसंख्याको रुपमा लिने भने पनि अध्ययनको क्रममा १५ वटा विद्यालयलाई समेटी ती विद्यालयहरु प्रत्येकका १/१ जना प्र. अ., १/१ जना व्यवस्थापन समितिका अध्यक्ष, १/१ जना PTA अध्यक्ष र २/२ जना विद्यार्थी तथा सबैमा गरेर १० जना तालिम प्राप्त शिक्षक र १० जना तालिम अप्राप्त शिक्षक गरी जम्मा १०५ जनालाई नमूना जनसंख्याको रुपमा समावेश गरियो । विद्यार्थी र शिक्षकको छनौट गर्दा Random Sampling लाई अवलम्वन गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलन गर्ने साधनहरु (Tools of data collection)

यस अनुसन्धान कार्यका लागि निम्न लिखित सूचना संकलनका साधनहरुको प्रयोग गरिएको थियो :

### १. प्रश्नावली :

प्रश्नोत्तरका लागि प्रश्नावली बनाई विज्ञहरुसँग वैधता परीक्षण गराई उपयुक्त छनौटमा परेका जनसंख्याहरुबाट आवश्यक सूचना विचार र तथ्यांकहरु लिने काम गरियो । यस कार्यमा प्रयोग भएको प्रश्नावलीको नमूना अनुसूची २, ३, ४, ५, ६ मा दिइएको छ ।

### २. समूह छलफल :

धैरैजसो प्रश्नावलीका प्रश्नहरु बन्द प्रकारका रहेका कारण अपेक्षित सूचना र तिनका धारणा बुझ्न प्रधानाध्यापकहरुलाई पूरक प्रश्न गरी छलफल गरियो ।

### ३. अवलोकन:

तालिम प्राप्त शिक्षक र अप्राप्त शिक्षकको शिक्षण सिकाइ सीप मूल्याङ्कन गर्नको लागि अनुसूची १ को फाराम प्रयोग गरी कपषा अवलोकन कार्य गरियो ।

### ४. सर्वेक्षण फाराम :

शिक्षकहरुले पढाएको विषयमा विद्यार्थीहरुले हाँसिल गरेको सिकाइ उपलब्धि पत्ता लगाउन, शिक्षकको तालिमको अवस्था प्राप्त गर्न, प्र. अ. , S.M.C. / PTA , अध्यक्ष तथा शिक्षकहरु विद्यार्थीको नाम प्राप्त गर्न स्रोतकेन्द्र सर्वेक्षणको फाराम प्रयोग गरियो ।

## ३.४ तथ्याङ्क संकलन प्रक्रिया (Data collection procedure)

सर्वप्रथम जिल्ला शिक्षा कार्यलय सप्तरीमा गई जिल्ला शिक्षा अधिकारी र शाखा अधिकृतसँग सम्पर्क गरी आफ्नो कामको बारेमा बताउने काम भयो । त्यस पछि उहाँहरुसँगको सहयोगमा तिलाठी स्रोतकेन्द्रका स्रोतव्यक्तिसँग भेट भयो । तिलाठीका स्रोतव्यक्तिको सल्लाह बमोजिम स्रोतकेन्द्रका ३९ वटामा १७ वटा विद्यालयलाई अध्ययनको क्षेत्रको रुपमा छनौट गरियो । जिल्ला सदरमुकाम सप्तरीमा नै प्रश्नावली तयार गरी RC को प्र.अ. बैठकमा उपस्थित भै प्रश्नावली सबै प्र.अ. लाई भर्न लगाइयो । SMC अध्यक्ष, PTA अध्यक्ष र विद्यार्थीले भर्ने प्रश्नावली प्र.अ. मार्फत प्रत्येक विद्यालयमा पठाइयो । प्र.अ. बाट बुझ्न बाँकी विचार धारणा एवम् तथ्याङ्कहरुको लागि पूरक प्रश्न गर्दै छलफल गरेर लिइयो । अनुसूची ८ मा दिइए बमोजिम कक्षा

अवलोकनमा छनौटमा परेका १० जना तालिम प्राप्त र १० जना तालिम अप्राप्त शिक्षकको विद्यालयमै गएर कक्षा अवलोकन गरियो । सिकाइ उपलब्धि पत्ता लगाउन ५ जना तालिम प्राप्त र ५ जना तालिम अप्राप्त शिक्षक (जो नमूना छनौटमा परेका थिए) हरुले पढाउने विषयको गत २ शैक्षिक वर्षको मूल्याङ्कन फारम प्र.अ. मार्फत प्राप्त गरी त्यसको फोटोकपी गरी तथ्याङ्क संकलन गरियो । प्रत्येक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष , PTA अध्यक्ष रद्याथर्थीहरुसँगबाट प्रश्नावली भराई प्र. अ. मार्फत लिने काम गरियो । बुझ्न बाँकी रहेका कुराहरु प्र.अ. हरुसँग पूरक प्रश्न गरेर छलफल गरी निष्कर्षमा पुगियो । स्रोतकेन्द्रबाट शिक्षक विवरण एवम् शिक्षक तालिम विवरण प्राप्त गरियो ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया (Data analysis procedure)

संकलन गरिएका सूचना एवम् तथ्यांकहरुलाई वर्गीकरण गरियो । यसका लागि केही सारांश फारामहरुको विकास गरियो । अध्ययनको उद्देश्य अनुसारको विभिन्न तालिकाहरु निर्माण गरी त्यसलाई विभिन्न हिसाबले विश्लेषण गरियो । प्राप्त सूचनाहरुलाई बढी विश्वसनीय र भरपर्दो बनाउन पर्याप्त प्रयास गरियो । प्राप्त सूचना एवम् तथ्यांकहरुलाई परिमाणात्मक तथा गुणात्मक दुवै तवरबाट विश्लेषण गरियो ।

# परिच्छेद ४

## तथ्याङ्कको व्याख्या र विश्लेषण (Data analysis and interpretation)

प्रस्तुत विषयका अध्ययनका लागि शोध प्रस्तावमा उल्लेख भएका विधि अनुसार नमूना जनसंख्याका रुपमा छनौट भएका विद्यार्थी, प्रधानाध्यापक, विद्यालय व्यबस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्षहरुलाई भराइएको प्रश्नावली, चलाइएको छलफल, गरिएको अवलोकनका आधारमा यस अध्ययनको उद्देश्य नं. १ देखि ३ सम्मलाई क्रमशः व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१ शिक्षक तालिमको वर्तमान अवस्थाको पहिचान

हाल नेपालमा शिक्षकलाई तालिम दिने सन्दर्भमा अभियान कै रुपमा कार्यक्रम सञ्चालन भएका छन् । २०६५ लाई त नेपाल सरकार, शिक्षा मन्त्रालयले तालिम मुक्त विद्यालय घोषणा गर्ने भनी कार्यक्रम ल्याएको थियो । तर शिक्षकलाई तालिम दिई पूरा गर्ने काम अझै बाँकि रहेको देखिन्छ । **Nepal Education in figure at a glance** मा दिएको शिक्षकको तथ्याङ्क अनुसार हाल देशमा स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरु जम्मा २,०७,५६७ जना मध्ये १,३५,५३५ जना तालिम प्राप्त छन् । प्रतिशतको हिसावले ६५ प्रतिशत हुन आउँछ । जसमध्ये तहगत रुपमा तल उल्लेख गरिए बमोजिम छ :

**तालिका नं. - १**

नेपालमा शिक्षक तालिमको अवस्था

| तह | जम्मा शिक्षक संख्या | तालिम प्राप्त शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| प्रा.वि. | १,४३,५७४ जना | ९६,२९८ जना | ६७ % |
| नि.मा.वि. | ३७,०६८ जना | २०,०३५ जना | ५४ % |
| मा.वि. | २६,९२५ जना | १९, २०२ जना | ७१ % |

माथिको तालिकाले नेपालमा सबै शिक्षकले तालिम प्राप्त गर्न अझै केही समय लाग्ने देखिन्छ । जिल्ला शिक्षा कार्यालय सप्तरीको शिक्षक तालिम सम्बन्धी अभिलेख अनुसार २०६९/७० को तथ्याङ्कमा स्वीकृत दरवन्दीमा प्रा.वि., नि.मा.वि.र मा.वि. तहमा कार्यरत शिक्षकहरु जम्मा १२४८ जना मध्ये १०६३ जना शिक्षकहरु तालिम प्राप्त रहेका छन् भने १८५ जना तालिम अप्राप्त रहेका छन् ।

सप्तरी जिल्लामा स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक विवरण एवम् तालिका विवरण

## तालिका नं. -२

सप्तरी जिल्लाको शिक्षक विवरण

| तह | तालिम प्राप्त | तालिम अप्राप्त | जम्मा |
|---|---|---|---|
| प्रा. वि. | ८८३ | ६५ | ९४८ |
| नि. मा. वि. | ७६ | ७९ | १५५ |
| मा. वि. | १०४ | ४१ | १४५ |
| जम्मा | १०६३ | १८५ | १२४८ |

सप्तरी जिल्लामा ८५ प्रतिशत शिक्षक तालिम प्राप्त छन् भने १५ प्रतिशत शिक्षक तालिम अप्राप्त रहेका छन् । राहत अनुदान दरवन्दीमा नियुक्त गरिएका सामुदायिक शिक्षकहरु जम्मा ७३५ जनामा कति तालिम प्राप्त छन् र कति अप्राप्त छन् भन्ने कुरा जानकारी पाउन सकिएन । नमूना छनौट गरिएका विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाहरुको तालिम सम्बन्धी विवरण सप्तरी स्रोतकेन्द्रका स्रोतव्यक्तिबाट प्राप्त गरियो । यस स्रोतकेन्द्र अन्तर्गतका ३२ वटै सामुदायिक विद्यालयमा कार्यरत स्वीकृत दरवन्दी र सामुदायिक शिक्षकको रुपमा नियुक्त गरिएका शिक्षकहरु जम्मा ११८ जना रहेछन् । ११८ जना शिक्षक मध्ये ९२ जना तालिम प्राप्त र २६ जना तालिम अप्राप्त शिक्षक रहेका छन् । जम्मा शिक्षकहरु मध्ये ७८ प्रतिशत तालिम प्राप्त छन् भने २२ प्रतिशत शिक्षकहरु तालिम अप्राप्त रहेकाछन् । शिक्षकहरु अवकाश हुने समय पुगेको तथा शिक्षकहरुले उमेरको कारणवाट तालिममा भागलिन नगएको बुझिन आएको छ ।

**१५ वटा विद्यालयहरुमा कार्यरत शिक्षकहरुको शिक्षक विवरण तल तालिकामा दिए बमोजिम रहेको छ :**

## तालिका नं. - ३

शिक्षक विवरण

| तह | पुरुष शिक्षक | महिला शिक्षक | जम्मा शिक्षक |
|---|---|---|---|
| प्रा. वि. | ६४ | २८ | ९२ |
| नि.मा. वि. | १५ | १ | १६ |

| | | | |
|---|---|---|---|
| मा. वि. | १० | ० | १० |
| जम्मा | ८९ | २९ | ११८ |

**तालिका नं. - ४**

तालिम प्राप्त र अप्राप्त शिक्षकहरु

| तह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त | तालिम अप्राप्त | तालिम प्राप्त | तालिम अप्राप्त | तालिम प्राप्त | तालिम अप्राप्त |
| प्रा. वि. | ५५ | ९ | २० | ८ | ७५ | १७ |
| नि.मा.वि. | १० | ५ | ० | १ | १० | ६ |
| मा. वि. | ८ | २ | ० | ० | ८ | २ |
| जम्मा | ७३ | १६ | २० | ९ | ९३ | २५ |

यी माथिका तालिका नं. ३ र ४ बाट प्राप्त भएको कुरालाई निम्नानुसार प्रस्तुत गरिन्छ :

१. यस तिलाठी स्रोतकेन्द्रमा स्वीकृत दरवन्दी र राहत अनुदान दरवन्दीमा कार्यरत

शिक्षकहरुमध्ये ७८ प्रतिशत तालिम प्राप्त छन् भने २२ प्रतिशत शिक्षक तालिम अप्राप्त छन् ।

२. मा. वि. तहका शिक्षकहरु ९८ प्रतिशत तालिम प्राप्त छन् भने नि. मा. वि. तहका शिक्षक ९४ प्रतिशत तालिम प्राप्त छन् ।

३. त्यसैगरी प्राथमिक तहमा भने माथिका दुवै तहका शिक्षकको प्रतिशत भन्दा कम छ । यस तहको तालिम प्राप्त प्रतिशत ७३ मात्र रहेको छ ।

४. तालिम अप्राप्त शिक्षकहरुको प्रतिशत सम्पूर्णमा २२ रहेको छ ।

५. प्रा. वि. तहमा पुरष शिक्षक २२ प्रतिशत तालिम अप्राप्त छन् भने महिला शिक्षक ३९ प्रतिशत तालिम अप्राप्त छन् ।

६. नि. मा. वि. तहमा पुरष शिक्षक ७ प्रतिशत तालिम अप्राप्त छन् भने महिला शिक्षक सबै तालिम प्राप्त छन् । त्यस्तै मा. वि. तहमा पनि सबै शिक्षक तालिम प्राप्त छन् ।

७. यसरी हेर्दा सबैभन्दा बढी तालिम अप्राप्त शिक्षकहरु प्रा.वि. तहमा महिला शिक्षकहरु रहेका छन् । अध्यापन अनुमति पत्रको परीक्षामा महिलाले तालिम नभए पनि परीक्षा दिन पाउने व्यवस्था भएका कारण यस्तो हुन गएको देखिन्छ । त्यस्ता शिक्षकहरु विशेष गरी विद्यालय व्यबस्थापन समितिले राहत अनुदान दरवन्दीमा वियुक्त गरेको पाइयो ।

## ४.२ तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको शिक्षण सिकाइ बीच तुलना

यस उद्देश्य प्राप्तीका लागि नमूना छनौट गरिएका सामुदायिक विद्यालयका १०/१० जना अनुसूची ८ अनुसारका तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुको कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकन गरिएका शिक्षकहरुको नामावली तलको तालिकामा दिए बमाजिम छ ।

**तालिका नं. -५**

कक्षा अवलोकन गरिएका शिक्षकहरु

| सि.नं. | तालिम प्राप्त शिक्षकहरु | सि. नं. | तालिम अप्राप्त शिक्षकहरु |
|---|---|---|---|
| १. | श्री भोगेन्द्र नारायण झा | १. | श्री छिन्नमस्ताभू.सं.मा.वि.,सखडा -२ |
| २. | श्री वैद्यनाथ चौधरी | २. | श्री पब्लिक उ.मा.वि., लौनियाँ |
| ३. | श्री प्रेमकुमार मण्डल | ३. | श्री जनता मा.वि., कुपहि |
| ४. | श्री वाल्मीकिप्रसाद सिंह | ४. | श्री महावीर मा.वि., विषहरिया |
| ५. | श्री पप्पी कुमारी सिंह | ५. | श्री राजेन्द्र देवकी नि.मा.वि.,कोइलाडी |
| ६. | श्री टेकलाल यादव | ६. | श्री नि.मा.वि., भेल्ही -पिप्राही |
| ७. | श्री रामवदन साह | ७. | श्री नि.मा.वि., वरही-वीरपुर |
| ८. | श्री रमाकान्त झा | ८. | श्री नि.मा.वि.,रमपुरा - मल्हनियाँ |
| ९ | श्री चन्द्रनारायण पंडित | ९. | श्री नि.मा.वि.,लालापट्टी |
| १०. | श्री शेरबहादुर धामी | १०. | श्री रा.प्रा.वि.,वरदाही फकिरा |

कक्षा अवलोकनमा तालिम प्राप्त र अप्राप्त शिक्षकले गरेको कक्षा शिक्षणको मूल्याङ्कन गर्नको लागि अतिउत्तम, उत्तम, सामान्य र सुधार गर्नु पर्ने गरी जम्मा ४ तहमा विभाजित गरिएको थियो । उक्त श्रेणीहरुमा पहिलो देखि क्रमश ३,२,१ र ० अंक निर्धारण गरिएको थियो । कक्षा अवलोकनमा भएको नतिजा देहाय बमोजिम छ :

**तालिका नं. -६**

कक्षा अवलोकनको मूल्याङ्कन तालिका

| शीर्षक | शिक्षक संख्या | | प्राप्तांक | | | |
|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त | तालिम अप्राप्त | ३ | २ | १ | ० |
| कक्षा अवलोकन | ४ | | √ | | | |
| कक्षा अवलोकन | ४ | | | √ | | |
| कक्षा अवलोकन | २ | | | | √ | |
| कक्षा अवलोकन | | ४ | | √ | | |
| कक्षा अवलोकन | | ४ | | | √ | |
| कक्षा अवलोकन | | २ | | | | √ |

माथिको कक्षा अवलोकन मूल्याङ्कन तालिकाबाट प्राप्त भएको तथ्यलाई देहाय बमोजिम प्रस्तुत गरिन्छ :

१. १० जना शिक्षकमध्ये अति उत्तम शिक्षण सिकाइ गर्ने शिक्षक जम्मा ४ जना भए जो तालिम प्राप्त शिक्षकहरु मध्येका छन् ।

२. त्यसैगरी ८जना शिक्षकको शिक्षण सिकाइ उत्तम किसिमको थियो । त्यसमा तालिम प्राप्त शिक्षक ४ जना थिए भने ४ जना शिक्षक तालिम अप्राप्त थिए ।

३. ६ जना शिक्षकहरुको कक्षा सामान्य किसिमको थियो । त्यसमा पर्ने २ जना तालिम प्राप्त थिए भने ४ जना तालिम अप्राप्त थिए ।

४. सुधार गर्नुपर्ने प्रकारको कक्षा २ जना तालिम अप्राप्त शिक्षकको थियो । अंक र प्रतिशतको हिसाबले ब्याख्या गर्दा तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकको शिक्षण सिकाइ बीचको भिन्नता यस प्रकारको रहेको छ :

## तालिका नं. - ७

तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षण शिकाइ बीच भिन्नता

| तालिम प्राप्त शिक्षक (जना) | तालिम अप्राप्त शिक्षक (जना) | प्राप्ताङ्क | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १० | - | २२(३०) | ७३ % | उत्तम |
| - | १० | १२(३०) | ४० % | सामान्य |

यसरी माथिको तालिकाबाट के प्रष्ट हुन आउछ भने तालिम प्राप्त शिक्षकको शिक्षण सिकाइ क्षमता अप्राप्त शिक्षकको तुलनामा बढी छ । तालिम प्राप्त शिक्षकको शिक्षण सिकाइ क्षमता ७५ प्रतिशत रहेको छ। यो उत्तम श्रेणी अन्तरगत पर्दछ। तालिम अप्राप्त शिक्षकको शिक्षण सिकाइ क्षमता तालिम प्राप्त शिक्षकको तुलनामा निकै कम छ । तालिम अप्राप्त शिक्षकको शिक्षण सिकाइ क्षमता ४० प्रतिशत मात्र रहेको छ । यो सामान्य श्रेणी अन्तर्गत पर्दछ।

कक्षा अवलोकन पश्चात शिक्षकहरुसँग अन्तरक्रिया गरिएको थियो जसले गर्दा उहाँहरुको शिक्षण सीप, क्षमता र धारणा बुझ्न सजिलो भएको थियो ।

कक्षा अवलोकन पश्चात तालिम प्राप्त शिक्षकहरुसँग गरिएको छलफलबाट प्राप्त तथ्यलाई निम्न प्रकारले विश्लेषण गरिएको छ :

**१**. कक्षामा शिक्षण गर्दा पाठयोजना बनाएर शिक्षण गर्दा राम्रो हुन्छ कि नबनाईकनै पनि शिक्षण गर्दा हुन्छ ? भनी सोधिएको प्रश्नको जवाफमा उनीहरुले पाठयोजना बनाएर सोही अनुसार शिक्षण गर्नु पर्दछ भनी जनाफ दिएका थिए । यसबाट के तथ्य प्राप्त हुन्छ भने तालिम प्राप्त शिक्षक सकेसम्म पाठयोजना बनाई अध्ययापन गर्न चाहन्छन् ।

२. तपाईहरु धेरैजसोले त पाठयोजना नै नबनाईकन शिक्षण सिकाइ गर्नु भयो ? भनी सोधिएको प्रश्नमा उनीहरुले हामीले धेरै वर्ष देखि पढाउँदै आएका छौं , त्यसैले पाठयोजनाको निर्माण गर्नु पर्ने आवश्यकता नै छैन भनी जवाफ दिए। हामीलाई आफ्नो हरेक विषयमा के कस्ता पाठहरु छन् ? उद्देश्यहरु के के हुन् ? कस्तो शिक्षण क्रियाकलाप आवश्यक हुन्छ ? भन्ने पूर्व जानकारी भएका कारण पाठयोजना नबनाई अध्यापन गरेका हौं भनी उत्तरमा थप गरे । जब विषयवस्तुमा र पाठको बारेमा कम

तथा अपर्याप्त ज्ञान हुन्छ , त्यस बेलामा मात्र पाठयोजना अनिवार्य रुपमा हुनुपर्दछ भन्ने उनीहरुको भनाइ थियो ।

३. तालिममा सिकेका सबैकुरा कक्षाकोठामा स्थानान्तरण गर्न नसक्नु भएको के कारणले हो ? भनी सोधिएको प्रश्नको जवाफमा उनीहरुले विद्यार्थी संख्या कक्षाकोठामा धेरै भएको , दिनमा ७ घण्टी पढाउनु पर्ने अवस्था रहेको , शैक्षिक सामग्रीको अभाव र विविध विषय पढाउनु पर्ने कारणबाट आफूले तालिममा सिकेका कुराहरु धेरैजसो प्रयोग गर्न सकिएको छैन, पाइएको छैन भनी बताए ।

कक्षा अवलोकन पश्चात तालिम अप्राप्त शिक्षकहरुसँग गरिएको छलफलबाट प्राप्त तथ्यलाई निम्न प्रकारले विश्लेषण गरिएको छ :

१. तपाईहरुले पढाएको कतिले बुझे कतिले बुझेनन् ? भन्ने प्रश्नको जवाफमा सबैले ५० प्रतिशत जति विद्यार्थीले बुझे होलान् भनी उत्तर आयो ।

२. ५० प्रतिशत जति विद्यार्थीले नबुझ्नुका कारण के के होलान् ? भनी सोध्दा तालिम नलिएका कारण प्रभावकारी शिक्षण नभएको भन्ने उत्तर प्राप्त भयो ।

३. राम्रो शिक्षण सिकाइ गर्न के भए सकिन्थ्यो होला ? भन्ने प्रश्नको जवाफमा तालिम लिन पाए राम्रो शिक्षण सिकाइ गर्न सकिन्थ्यो होला भन्ने उत्तर प्राप्त भयो ।

शैक्षिक उपलब्धि एवम् तालिमको प्रभावकारिता सम्बन्धी बुझ्न शिक्षकहरुलाई प्रश्नावली वितरण गरी उत्तर भराइएको थियो । कक्षा अवलोकन गरिएका तालिम प्राप्त १० जना शिक्षकलाई नमूनाको रुपमा छनौट गरिएको थियो ।

तालिम प्राप्त शिक्षकलाई सोधिएका प्रश्नावलीको आधारमा प्राप्त उत्तरहरुको विश्लेषण निम्न बमोजिम गरिएको छ :

**प्र. नं. १.** शिक्षकलाई तालिमको आवश्यकता छ , छैन ? भनी सोधिएको प्रश्नमा १० जना नै शिक्षकबाट अति आवश्यक छ भन्नेमा टिक मार्क लगाउनु भएको थियो । यसबाट शिक्षकलाई तालिम अनिवार्य रुपमा दिइनु पर्छ भन्ने देखिन्छ ।

**प्र. नं.२.** तपाई तालिममा के के कुराको आशा लिएर जानु भएको थियो ? भन्ने प्रश्नको उत्तरमा उहाँहरुले पाठयोजना /योजना निर्माण गर्न जान्नेहुने , विषयवस्तुको ज्ञानमा वृद्धि गर्ने, शिक्षण विधि तथा शिक्षण सीप सम्बन्धी ज्ञान प्राप्त गर्ने, कक्षाकोठा

व्यवस्थापन गर्ने सीप तथा ज्ञान हाँसिल गर्ने, मूल्याङ्कन सम्बन्धी तरिका थाहा पाउने र दक्ष शिक्षक बन्ने भन्ने सबै विकल्पमा चिन्ह लगाउनु भएको थियो ।

**प्र. नं.३.** तालिम प्राप्त गरी सकेपछि के के कुरामा आफूमा परिवर्तन आएको महसुस गर्नु भयो ? भन्ने प्रश्नको जवाफमा माथि उल्लेखित सबै कुराको बारेमा आफुमा परिवर्तन आएको कुरा उल्लेख गर्नु भएको थियो ।

**प्र. नं. ४.** तालिममा सिकेका कुराहरु मध्ये तपाईलाई सबभन्दा प्रभाव पारेको क्षेत्र कुन हो ? भन्ने प्रश्नको उत्तरमा ६ जनाले विषयवस्तुको ज्ञान, शिक्षण विधि र कक्षाकोठाको व्यवस्थापनमा चिन्ह लगाउनु भएको थियो भने ४ जनाले मूल्याङ्कन प्रणाली , योजना निर्माण र शिक्षण विधिमा चिन्ह लगाउनु भएको थियो । यसरी शिक्षकहरुले तालिमलाई निकै महत्व दिएको देखिन्छ ।

**प्र. नं. ५.** तालिममा तपाईले कुन कुन कुराहरु विशेष गरी सिक्नु भयो ? भनी सोधिएको प्रश्नमा दिएका विकल्पहरु पाठयोजना निर्माण गर्ने , विषयवस्तु अनुसार शिक्षण विधि छनौट गर्ने, विद्यार्थीलाई उत्प्रेरित गर्ने, शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने, बालमैत्री सिकाइ गर्ने, कक्षाकोठाको व्यवस्थापन गर्ने र शैक्षिक वातावरण तयार गर्ने सबैमा १० जनाले संकेत गरेका थिए । यो उत्तरमा के प्रष्ट हुन आउँछ भने तालिम प्राप्त शिक्षक एउटा कुशल शिक्षकको रुपमा प्रस्तुत हुन सजिलै सक्छ ।

**प्र. नं.६.** यी माथिका मध्ये कुन कुराहरु तपाईले कक्षामा प्रयोग गर्न सक्नु भएको छैन ? भनी सोधिएको प्रश्नको उत्तरमा धेरै जसो शिक्षकहरुले पाठयोजना निर्माण गर्ने काम, शैक्षिक सामग्री निर्माण गर्ने एवम् कक्षाकोठा व्यवस्थापन गर्ने काम कक्षाकोठामा प्रभावकारी ढंगले प्रयोग गर्न नसकिएको उल्लेख गरिएको छ । त्यसको कारण विद्यालय भौतिक रुपमा कमजोर शिक्षकलाई दिनमा ६/७ पिरिएडको कार्य बोझ भएको उल्लेख गरिएको छ । समग्रमा शिक्षक तालिमले राम्रो शिक्षण सिकाइ हुने कुराको पुष्टि हुन आउँछ ।

तालिम अप्राप्त शिक्षकलाई सोधिएका प्रश्नावलीको आधारमा प्राप्त उत्तरहरुको

विश्लेषण निम्न बमोजिम गरिएको छ :

**प्र. नं.१.** शिक्षक तालिमको आवश्यकता छ , छैन ? भनी सोधिएको प्रश्नको उत्तर शिक्षकहरु सबैले आवश्यक छ भनी दिएका थिए । यसबाट उनीहरुमा शिक्षकलाई तालिम चाहिन्छ भन्ने धारणा रहेको पुष्टि हुन आउँछ ।

**प्र. नं.२.** पाठयोजना शिक्षण विधि शौक्षिक क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, गृहकार्य आदि शब्दहरु सुन्नु भएको छ ? भनी सोधिएको प्रश्नमा ५० प्रतिशत शिक्षकले आधा जसो सुनेको बताए भने ४० प्रतिशत शिक्षकले सबै सुनेको बताए । १० प्रतिशत शिक्षकले अहिलेसम्म यी शब्दहरु नसुनेको कुरा बताए । यो उत्तरबाट तालिम प्राप्त शिक्षकभन्दा तालिम अप्राप्त शिक्षकलाई सामान्य भन्दा पनि सामान्य शिक्षण विधि र शिक्षण सम्बन्धी अति आवश्यक अन्य कुराहरुको जानकारी छैन भन्ने प्रष्ट हुन आउँछ । १० प्रतिशतले दिएको उत्तरबाट त शिक्षण सम्बन्धी आधारभूत कुराको पनि जानकारी नभएको देखिन्छ ।

**प्र. नं.३.** अध्यापन गर्दा तपाई कसरी कक्षाकोठामा क्रियाकलाप गर्नु हुन्छ भनि सोधिएको प्रश्नमा ९० प्रतिशत जति शिक्षकले पहिले पहिले आफ्ना गुरुहरुले आफुलाई जस्तो पढाउने गरेका थिए, त्यस्तै किसिमको सम्झेर कक्षामा क्रियाकलापहरु गर्ने गरेको बताए । १० प्रतिशत शिक्षकले भने किताबमा भएको पढिदिने र सुनाइदिने र अन्तमा किताबमा भएका प्रश्नहरु सोध्ने गरेको उत्तर लेखेका थिए । यस प्रश्नमा शिक्षकहरुको उत्तरबाट के प्राप्त हुन्छ भने तालिम अप्राप्त शिक्षकहरुको शिक्षण सिकाइ त्यति प्रभावकारी छैन । उनीहरुमा शिक्षण कौशलता, पाठयोजना निर्माण, मूल्याङ्कन प्रणाली, शैक्षिक सामग्री आदिको बारेमा आधारभूत ज्ञान नै छैन । त्यसैले ती शिक्षकहरुमा तालिमको ठूलो आवश्यकता भएको देखिन्छ ।

**प्र. नं.४.** कुनै तालिम प्राप्त शिक्षकले पढाएको कक्षा अवलोकन गर्नु भएको छ ? भनी सोधिएको प्रश्नमा २० प्रतिशत शिक्षकको उत्तरमा तालिम प्राप्त शिक्षकले पढाएको हेरेका छौं भन्ने थियो भने ८० प्रतिशत शिक्षकले हेरेका छैनौं भनी उत्तर दिएका थिए ।

**प्र. नं. ५.** कक्षा हेरेको भए तपाईले पढाएको र तालिम प्राप्त शिक्षकले पढाएकोमा के फरक पाउनु भयो ? भनी सोधिएको प्रश्नको उत्तरमा उनीहरु सबैले त्यस्तो कुनै फरक नपाएको उल्लेख गरेका थिए । यी माथिका तालिम अप्राप्त शिक्षकहरुको उत्तरबाट के कुराको सूचना प्राप्त हुन्छ भने तालिम अप्राप्त शिक्षकको शिक्षण सिकाइ अति कमजोर प्रकारको रहेको छ । उनीहरुमा तालिम प्राप्त शिक्षकको तुलनामा सीप, दक्षताको धेरै कमी छ ।

## ४.३ तालिम प्राप्त शिक्षकले सिकेका सीपहरु कक्षाकोठामा स्थानान्तरण भए नभएको लेखाजोखा

(**क**) तालिमको औचित्य , महत्व एवम् प्रभावकारिता बारेमा प्रधानाध्यापकहरुले के-कस्तो धारणा राख्छन् ? कस्तो दृष्टिकोण छ भनेर बुझ्न प्रश्नावली भराइएको थियो ।

प्रश्नावली मार्फत आएका उत्तरहरुलाई विश्लेषण गर्दा निम्न कुरा पाइयो । उत्तर १४ जना प्र. अ. हरुले मात्र पठाएका थिए ।

**तालिका नं. - ७**

प्र. अ. हरुले दिएका जवाफ

| सि.नं. | पशनहरु | जवाफ दिने प्र.अ.हरु १४ जना | | |
|---|---|---|---|---|
| १ | तालिममा भाग लिन शिक्षक कत्तिको उत्सुक हुन्छन् ? | उत्सुक हुन्छन् १० जना | उत्सुक हुदैनन् २ जना | मतलव गर्दैनन् २जना |
| २ | तालिम प्राप्त र अप्राप्त शिक्षकको सिकाइ उपलब्धी स्तर कस्तो छ ? | फरक छ ११ जना | फरक छैन ३ जना | अन्य - |
| ३ | गुणात्मक शिक्षाको लागि तालिम प्राप्त शिक्षक हुनु कत्तिको अनिवार्यता ठान्नु हुन्छ ? | अनिवार्यता छ १२ जना | खासै फरक पर्दैन १ जना | तालिम नलिए पनि हुन्छ १ जना |
| ४ | सबै शिक्षकले दैनिक पाठयोजना बनाइ शिक्षण गर्दछन् ? | गर्दछन् - | गर्दैनन् १२ जना | तालिम प्राप्तले चाहिं गर्दछन् २ जना |
| ५ | तालिममा पठाउँदा शिक्षक कसरी छनौट गर्नुहुन्छ ? | ज्येष्ठताका आधारमा ८ जना | जि.शि.का.बाट ४ जना | स्टाफ बैठकको बहुमतबाट २ जना |
| ६ | तालिम प्राप्त शिक्षकको मूल्याङ्कन कसरी गर्नु भएको छ ? | कक्षा अवलोकन गरेर ८ जना | परीक्षा फलका आधारमा २ जना | मूल्याङ्कन गर्ने गरेको छैन ४ जना |
| ७ | सबै शिक्षकले तालिम लिन जरुरी छ, छैन ? | जरुरी छ, १३ जना | जरुरी छैन १ जना | लिए पनि हुन्छ नलिएपनि हुन्छ ० जना |
| ८. | तपाईका विद्यालयका शिक्षक कहांको तालिम प्रति रुची राख्छन् ? | निजी शैक्षिक संस्था १ जना | दीर शिक्षा २ जना | शिक्षक तालिम केन्द्रहरु ११ जना |
| ९. | किन त्यसरी रुची राखेका ? | | घरमै बसीबसी तालिम लिन पाइनाले २ जना | तालिम कार्यक्रम बढी प्रभावकारी हुने हुनाले १२ जना |
| १०. | तालिम प्राप्त र अप्राप्त | तालिम | खासै प्रतिक्रिया | जस्तो शिक्षक |

| | | | | |
|---|---|---|---|---|
| | शिक्षकको सम्बन्धमा अभिभावकको प्रतिक्रिया कस्तो पाउनु भएको छ ? | प्राप्तलाई सबैले मन पराउँछन् १० जना | छैन २ जना | भए पनि हुन्छ २ जना |

माथिको तालिकाबाट देखिन आएका कुराहरुलाई निम्न अनुसार व्याख्या गर्न सकिन्छः

१. शिक्षकहरु तालिमको लागि कत्तिको उत्सुक हुन्छन् भन्ने प्रश्नमा १४ जना मध्ये १० जना प्र.अ.ले उत्सुक हुन्छन् भनेको पाइयो । उत्सुक हुदैनन् भन्नेमा २ जना र मतलवै गर्दैनन् भन्नेमा पनि २ जना रहेको पाइयो ।

२. तालिम प्राप्त र अप्राप्त शिक्षकहरुले पढाएको विषयमा विद्यार्थीको सिकाइ उपलब्धी स्तर सम्बन्धमा सोधिएको प्रश्नको उत्तरमा ११ जना प्र.अ.बाट फरक छ भन्ने रह्यो । फरक छैन भन्नेहरुमा ३ जना पाइयो ।

३. गुणात्मक शिक्षाको लागि तालिम प्राप्त शिक्षक हुनुमा कत्तिको अनिवार्यता छ भन्ने प्रश्नको उत्तरमा अनिवार्यता छ भन्नेमा १२ जना प्र.अ.हरु रहेका थिए भने खासै फरक पर्दैनमा १ जना र तालिम नलिए पनि हुन्छ भन्नेमा १ जना थिए ।

४. दैनिक पाठयोजना तपाईलाई शिक्षकले बनाएर शिक्षण गर्छन् कि नबनाई गर्छन् भन्ने प्रश्नको उत्तरमा १२ जना प्र.अ.ले बनाउँदैनन् भनी लेखेका थिए भने २ जनाले चाहिं तालिम प्राप्तले पाठयोजना बनाएर शिक्षण गर्छन् भनी जवाफ दिएका थिए ।

५. तालिममा पठाउँदा छनौट गर्ने सम्बन्धमा सोधिएको प्रश्नको उत्तरमा जेष्ठताको आधारमा पठाउने गरेको भनी ८ जनाले उत्तर दिए भने जि.शि.का.बाट तोकेर आएको शिक्षकलाई पठाउने गरेको ४ जनाले उत्तर दिएको पाइयो । स्टाफ बैठकको बहुमतबाट पठाउने गरेको छ भनेर २ जनाले उत्तर दिएका थिए ।

६. तालिम प्राप्त शिक्षकको मूल्याङ्कन कक्षा अवलोकनबाट गरेकोमा ८ जनाले बताए भने परीक्षाफलको आधारमा गर्ने गरेको २ जना र मूल्याङ्कन गर्ने गरिएको छैन भन्नेमा ४ जना रहेका थिए ।

७. तालिम सबै शिक्षकले लिन जरुरी छ कि छैन भनी सोधिएको प्रश्नमा छ भनी उत्तर दिने १३ जना रहेको पाइयो भने जरुरी छैन र लिए पनि हुन्छ नलिए पनि हुन्छ भन्ने १ जना रहेका थिए ।

८. कुन तालिम प्रति तपाईका शिक्षकहरु बढी रुचि राख्छन् भन्ने प्रश्नमा शिक्षक तालिम केन्द्रमै भएकोमा ११ जना र दूर शिक्षा तालिम भनेर २ जनाले उत्तर दिएका थिए ।

९. किन त्यसरी रुची राखेका होलान् भनी प्रश्न गर्दा शैक्षिक तालिम केन्द्रमा बढी प्रभावकारी तालिम कार्यक्रम हुने भनी १२ जनाले उत्तर दिएका थिए । त्यसैगरी दूर शिक्षाको तालिम घरमै बसीबसी प्राप्त गर्न सकिने भएकाले भनी २ जनाले जवाफ दिएका थिए ।

**१०.** तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकका सम्बन्धमा अभिभावकको प्रतिक्रिया कस्तो पाउनु भएको छ भन्ने प्रश्नको उत्तरमा तालिम प्राप्तलाई सबैले मन पराउँछन् भन्नेमा १० ले खासै प्रतिक्रिया छैन भन्नेमा २ जना र २ जनाले अभिभावकलाई जस्तो शिक्षक भए पनि हुन्छ भनी उत्तर दिएको पाइयो ।

(**ख**) व्यवस्थापन समितिका अध्यक्ष, सदस्य र शिक्षक अभिभावक संघका अध्यक्ष, सदस्य दुवैले शिक्षक तालिम र उपलब्धिको प्रभावकारिताको सम्बन्धमा धारणा एवम् विचार बुझ्न एकै किसिमका प्रश्नावली भराइएको थियो । ३२/३२ गरी ६४ जना नमूना छनौट गरिएकोमा ५२ जनाको मात्र उत्तर प्राप्त भएको थियो, जसको विश्लेषण गर्दा निम्न कुराहरु पाइयो :

**तालिका नं. - ९**

PTA/SMC अध्यक्षहरुको जवाफ

| सि. नं. | प्रश्नहरु | उत्तर दिने PTA/SMC अध्यक्ष, जम्मा ५२ जना | | |
|---|---|---|---|---|
| १ | तपाईले कुनै शिक्षकको कक्षा अवलोकन गर्नु भएको छ ? | कहिलेकाहिं गरेको छु ८ जना | गरेको छैन ४० जना | झ्यालबाट हेरेको छु ४ जना |
| २ | धेरै जसो विद्यार्थीले बुझ्ने गरी कुन शिक्षकले पढाउँछन् ? | तालिम प्राप्त ४१ जना | तालिम अप्राप्त १ जना | दुवैले १० जना |
| ३ | धेरै जसो विद्यार्थीले कुन शिक्षकले पढाएको बुझ्दैनन् ? | तालिम प्राप्त २ जना | तालिम अप्राप्त ४२ जना | दुवैले ८ जना |
| ४ | तपाईको समिति र संघको बैठकमा शैक्षिक गुणस्तर | प्रायजसो हुने गरेको छ | हुने गरेको छैन १५ जना | कहिलेकाहिं हुन्छ ३० जना |

| | | | | |
|---|---|---|---|---|
| | सम्बन्धी छलफल हुने गरेको छ कि छैन ? | ६ जना | | |

माथिको तालिका अनुसार SMC का अध्यक्ष र PTA का अध्यक्षको विचार र धारणाका आधारमा निम्न कुराको विश्लेषण गर्न सकिन्छ :

१. PTA र SMC का अध्यक्षले शिक्षकको कक्षा अवलोकन गरेको बारम्बारताको बारेमा सोधिएको प्रश्नको उत्तरमा गरेको छैन भन्नेको संख्या ५२ मा ४० जना रहेका छन् । प्रतिशतका हिसाबले ८० प्रतिशत रहेको छ भने कहिलेकाहिं गरेको छ भन्ने ८ जना, १५ प्रतिशत र झ्यालबाट हेर्ने गरेको छु भन्नेमा ४ जना, ८ प्रतिशत रहेको छ । SMC अध्यक्ष र PTA अध्यक्षले एकदम कम मात्रामा कक्षा अवलोकन गर्ने गरेका छन् । उनीहरुलाई अभिमुखीकरणको आवश्यकता रहेको देखिन्छ ।

२. तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक कसले पढाएको धेरैजसो विद्यार्थीले बुझ्छन् भन्ने प्रश्नमा ४१ जनाले तालिम प्राप्त शिक्षकले पढाउँछन् भन्ने उत्तर दिए । जुन प्रतिशत ७९ रहेको छ । तालिम अप्राप्त शिक्षकले भन्नेको संख्या १ थियो भने पढाउँछन् भनी १० जनाले उत्तर दिएका थिए ।

३. धेरैजसो विद्यार्थी तालिम अप्राप्त शिक्षकले पढाएको बुझ्दैनन् भन उत्तर दिनेमा ४२ जना , ८१ प्रतिशत रहेको थियो । त्यसैगरि २ जनाले तालिम शिक्षक भनी जवाफ दिएका थिए भने ८ जना, १५ प्रतिशत ले दुवैले पढाएको बुझ्दैनन् भनी उत्तर दिएका थिए ।

४. शैक्षिक गुणस्तर सम्बन्धी कुरा बैठकमा छलफल हुने गरेको छ  कि छैन भन्ने प्रश्नमा कहिलेकाहिं हुन्छ भनी ३० जना, ५८ प्रतिशतले उत्तर दिए भने हुने गरेको छैन भनी १५ जना, २९ प्रतिशतले उत्तर दिएका छन् । त्यस्तै ७ जना, १३ प्रतिशतले चाहिं शैक्षिक गुणस्तर सम्बन्धी छलफल हुने गरेको छ भनी उल्लेख गरेका छन् ।

(**ग**) तालिमको प्रभावकारिता पत्ता लगाउने सम्बन्धमा कक्षा ३ का ३२ जना विद्यार्थी र कक्षा ६ का ३२ जना विद्यार्थी गरी ६४ जनालाई प्रश्नावली वितरण गरिएकोमा ५० जना विद्यार्थीले मात्र प्रश्नावली भरी पठाएका थिए । विद्यार्थीको उत्तरको आधारमा विश्लेषण निम्न बमोजिम गरिएको छ :

## तालिका नं. - १०

विद्यार्थीहरुको जवाफ

अध्ययन गर्ने क्रममा ३० जना राखिने भनिएको भए पनि ५० जना विद्यार्थीहरु सहभागी भएका थिए ।

| सि.नं. | प्रश्नहरु | विद्यार्थीको उत्तर ५० जना | | | |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा शिक्षकले पढाउँदा विभिन्न शैक्षिक सामग्रीहरु कत्तिको प्रयोग गर्नु हुन्छ ? | कहिलेकाहिं २६ जना | संधैभरी | प्रयोग गर्नु हुन्न २४ जना | |
| २ | कस्ता सामग्री प्रयोग गर्नु हुन्छ ? | आफुले बनाएका | बजारबाट खरिद गरेर ल्याएका ३५ जना | गाउँघर र विद्यालय वरपरपाइने १५ जना | अन्य |
| ३ | शिक्षकले पाठ पढाउँदा बीच बीचमा सान्दर्भिक चुट्किला कत्तिको सुनाउनु हुन्छ? | बढिजसो सुनाउनु हुन्छ २ जना | कहिलेकाहिं सुनाउनु हुन्छ ४० जना | सुनाउनु हुन्न ८ जना | अन्य |
| ४ | शिक्षकहरुले पाठ पढाउँदा बीच बीचमा मूल्याङ्कन गर्न प्रश्नहरु पनि सोध्नु हुन्छ ? | सोध्नु हुन्छ ३४ जना | सोध्नु हुन्न २ जना | कहिलेकाहिं सोध्नु हुन्छ १४ जना | अन्य |
| ५ | शिक्षकहरुले विद्यार्थीहरुलाई कत्तिको कालोपाटीमा लेख्न लगाउनु हुन्छ ? | प्रायसंधै लेख्न लगाउनु हुन्छ १५ जना | लगाउनु हुन्न १५ जना | कहिलेकाहिं लगाउनु हुन्छ २० जना | अन्य |
| ६ | कक्षामा शिक्षकले पढाउँदा कसरी पढाउनु हुन्छ ? | पाठ्यपुस्तक पढेर ४१ जना | पाठयोजनाको आधारमा पाठनहेरी १ जना | छलफल प्रश्नोत्तर गरेर ८जना | अन्य |
| ७ | विद्यालयमा पुस्तकायलको | छ ११ जना | छैन ३० जना | छ तर अध्ययन | अन्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्था छ ? | | | गर्न पाइदैन ९ जना | |
| ८. | विद्यालयमा शिक्षकहरुले अतिरिक्त क्रियाकलाप कत्तिको गर्नु हुन्छ ? | कहिलेकाहीं गर्नु हुन्छ ? २५ जना | तालिकाको आधारमा गर्नु हुन्छ ५ जना | गर्ने गरेको छैन १५ जना | थाहा छैन ५ जना |
| ९. | विद्यालयमा १ वर्षमा कतिपटक परीक्षा हुन्छ? | १ पटक - | २ पटक - | ३ पटक ४६ जना | ४/५ पटक ४ जना |
| १०. | प्रत्यक परीक्षा पछाडि परीक्षाफल पनि शिक्षकले दिने गर्नु हुन्छ ? | दिनु हुन्छ - | दिनु हुन्न - | कहिलेकाहिं मात्र दिनु हुन्छ ६ जना | संधै दिनुहुन्छ ४४ जना |
| ११. | विद्यालयबाट शैक्षिक भ्रमणमा लाने गर्नु भएको छ ? | छ - | छैन ३८ जना | कहिलेकाहि लानु हुन्छ १२ जना | अन्य - |
| १२. | शिक्षकले पढाएको प्र.अ. ले निरीक्षण गर्नु हुन्छ ? | गर्नु हुन्छ - | गर्नु हुन्न ३६ जना | कहिलेकाहीं गर्नु हुन्छ १४ जना | अन्य - |
| १३. | विद्यालयमा अभिभावक भेला र छलफल पनि भएको देखेका छौ ? | थाहा छैन १८ जना | थाहा छ २ जना | कहिलेकाहीं हुन्छ ३० जना | अन्य - |

माथिको तालिकाबाट निम्न सूचनाहरु प्राप्त गरियो :

**१.** शिक्षकले कक्षाकोठामा सामग्री कहिलेकाहिं प्रयोग गर्छन् भन्ने विद्यार्थीको संख्या २६ छ र प्रयोग गर्दैनन् भन्ने संख्या २४ छ भने प्रतिशतको हिसाबले ५२ प्रतिशत र ४८ प्रतिशत रहेको छ। कमभन्दा कम शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गर्छन्।

२. कहिलेकाहि ५२ प्रतिशत ले प्रयोग गर्ने गरेको शैक्षिक सामग्री पनि ७०% शिक्षकले बजारबाट ल्याएको प्रयोग गर्छन् भने ३०% ले भने गाउँघरकै र विद्यालय र विद्यालय वरपर पाइने प्रयोग गरेको देखिन्छ।

**३.** शिक्षकले विद्यार्थीलाई कत्तिको उत्प्रेरित गर्नुहुन्छ भन्ने प्रश्नको उत्तरमा कहिलेकाहिं चुट्किला सुनाउनु हुन्छ भन्ने ४० जना, ८०% , उत्प्रेरित गर्नु हुन्न भन्नेमा ८ जना, र

१६ % र बढिजसो उत्प्रेरित गर्नु हुन्छ भनी उत्तर दिने २ जना ४ % थिए । यसरी कहिलेकाही चुट्किला सुनाई उत्प्रेरित गर्नुहुन्छ भन्ने ८० % विद्यार्थी भएको पाइयो ।

४. शिक्षकले पाठ पढाउँदा बीचबीचमा मूल्याङ्कन गर्न प्रश्न सोध्नु हुन्छ कि हुँदैन भन्ने प्रश्नको उत्तरमा सोध्नु हुन्छ भन्ने ३४ जना, ६८ % , कहिलेकाही सोध्नु हुन्छ भन्ने १४ जना, २८ % र सोध्नु हुन्न भन्ने २ जना, ४ % रहेको देखिन्छ । प्राय: शिक्षकहरुले बीचबीचमा प्रश्न सोधी मूल्याङ्कन गर्ने गरेको पाइयो ।

५. विद्यार्थीलाई कालोपाटीमा लेख्न लगाउने प्रश्नको जवाफमा कहिलेकाही लगाउनु हुन्छ भन्नेमा २० जना ४० % प्राय सधैं लेख्न लगाउनु हुन्छ भन्नेमा १५ जना, ३० % र लेख्न लगाउनु हुन्न भन्नेमा १५ जना ३० % विद्यार्थी भएको तालिकाले देखाउँछ ।

६. शिक्षकले पढाउँदा पाठ्यपुस्तक पढेर पढाउनु हुन्छ भन्ने ४१ जना, ८२ % छलफल प्रश्नोत्तर गरेर पढाउनु हुन्छ भन्ने ८ जना १६ % र पाठयोजनाको आधारमा पढाउनु हुन्छ भन्नेमा १ जना, २ % विद्यार्थी छन् । पढाइ प्रभावकारी छैन भन्ने देखिन्छ ।

७. त्यसैगरी विद्यालयमा पुस्तकालय छैन भन्ने ६० % छ भन्ने २२ % भएर पनि अध्ययन गर्न पाइदैन भन्ने १८ विद्यार्थी रहेका छन् ।

८. अतिरिक्त क्रियाकलाप कहिलेकाही हुन्छ भन्ने ५० % , हुदैन भन्ने ३० %, थाहा छैन भन्ने १० % र तालिकाको आधारमा हुन्छ भन्ने १० % विद्यार्थी रहेका छन् ।

९. परीक्षा वर्षमा ३ पटक हुन्छ भन्ने ४६ जना, ९२ % , ४/५ पटक हुन्छ भन्ने ८ % विद्यार्थी रहेका छन् । विद्यालयहरुमा मूल्याङ्कनको साधनका रुपमा परीक्षा ३ वटा मात्र हुने गरेको देखिन्छ ।

१०. परीक्षाको परीक्षाफल परीक्षा पछाडि सँधै दिनु हुन्छ शिक्षकले भन्ने ४४ जना, ८८% र कहिलेकाही मात्र दिनु हुन्छ भन्ने १२% छन् ।

११. शैक्षिक भ्रमणमा त्यति लाने गरेको देखिदैन । लाँदैनन् भनी ७६ % र कहिलेकाहि लानु हुन्छ भन्ने २४ % विद्यार्थी रहेका छन् ।

१२. शिक्षकले पढाएको प्र.अ.ले हेर्नु हुन्छ हुदैन भनी सोधिएको प्रश्नमा अवलोकन गर्नु हुन्छ भन्नेमा ३६ जना, ७२ % र कहिलेकाही गर्नु हुन्छ भन्नेमा २८ % विद्यार्थी रहेका छन् ।

१३. विद्यालयमा अभिाक भेला कहिलेकाही हुन्छ भनी ६० % ले बताए भने थाहा छैन भनी ३६ % र ४ % ले थाहा छ भनेको पाइयो ।

(घ) छनौट गरिएको नमूना अनुसार तालिम प्राप्त र तालिम अप्राप्त ५/५ जना शिक्षकले कक्षा ५ मा पढाएका विषयहरुमा विद्यार्थीले गत २ शैक्षिक वर्षमा हाँसिल गरेको औसत प्राप्तांकको विश्लेषण निम्न प्रकार रहेकोछ :

**तालिका नं. - ११**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकले पढाएका विषयहरुको औसत प्राप्ताङ्क

| साल | नेपाली | | गणित | | सामाजिक | | विज्ञान | | अंग्रेजी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त | तालिम अप्राप्त | तालिम प्राप्त | तालिम अप्राप्त | तालिम प्राप्त | तालिम अप्राप्त | तालिम प्राप्त | तालिम अप्राप्त | तालिम प्राप्त | तालिम अप्राप्त |
| २०६९ | ८० | ५५ | ४१ | २९ | ६० | ४० | ५८ | ३७ | ३२ | ३२ |
| २०७० | ७८ | ५७ | ४७ | ३१ | ६२ | ४४ | ६१ | ४१ | ३९ | ३५ |
| औसत अङ्क | ७९ | ५६ | ४४ | ३० | ६१ | ४२ | ५९.५ | ३९ | ३५.५ | ३३.५ |

माथिको तालिकाको विश्लेषण निम्न प्रकारले गर्न सकिन्छ :

तालिम प्राप्त शिक्षकले पढाएको उही नेपाली विषयमा औसत प्राप्तङ्क ७९ छ भने तालिम अप्राप्त शिक्षकले पढाएको उही नेपाली विषयको औसत प्राप्तांक ५६ रहेको छ । तालिम प्राप्त शिक्षकले पढाएको २३ अंकले बढी छ । त्यसैगरी गणितमा १४ ले, सामाजिकमा १९ ले, विज्ञानमा २०.५ ले र अंग्रजीमा २ अंकले बढी रहेको छ । यसरी हेर्दा तालिम अप्राप्त शिक्षकले भन्दा तालिम प्राप्त शिक्षकले पढाएका विद्यार्थीले ल्याएको अंकमा औसत अंक १५.७ ले बढी रहेको देखिन्छ ।

(ङ) तालिमको उपलब्धि र त्यसको प्रभावकारिताको लेखाजोख गर्ने क्रममा प्रधानाध्यापकलाई भराइएको प्रश्नावलीबाट विश्वस्त हुन र वास्तविक मान्नलाई पुष्टि गर्न स्रोतकेन्द्रमा प्र.अ. बैठक सञ्चालन भएको बेला पारी पूरक प्रश्न गरी प्रष्ट हुन बाँकी रहेका कुरामा प्रष्ट हुन छलफल गरिएको थियो । उक्त छलफल एवम् अन्तरक्रियाबाट प्राप्त तथ्यलाई निम्नानुसार उल्लेख गरिन्छ :

१. पाठयोजना नबनाईकन तालिम प्राप्त शिक्षकले पनि शिक्षण गरेको प्रायजसो पाइएको छ । किन त्यसो भएको हो भन्ने प्रश्नमा ९० % जति प्र.अ. हरुले शिक्षक संख्या कम भएको कारण उनीहरुलाई दैनिक तथा साप्ताहिक बोझ बढी छ जसले गर्दा उनीहरुले पाठयोजना बनाउन र सोअनुसार शिक्षण गर्न नै भ्याउँदैनन् भनी उत्तर दिए । फेरि,

विद्यार्थी संख्या बढी भएको कारण र डायरीमा मुख्य मुख्य कुरा उल्लेख गरी मानसिक रुपमा तयार हुँदा पनि हुने कुरा हो भनी उनीहरुले थप उत्तर दिए । १० % ले चाहिं अनिवार्य रुपमा पाठयोजना बनाएरै पढाउनुपर्ने बताए ।

२. शैक्षिक सामाग्रीहरु तपाईका शिक्षकहरुले कस्तो कस्तो प्रयोग र कत्तिको प्रयोग गर्नु हुन्छ भन्ने प्रश्नको छलफलमा बढी जसोले स्थानीय सामाग्री न्यून मात्रामा प्रयोग हुने बताए भने थोरै जसोले प्रयोग गरेका छैनन्  भनी उत्तर दिए ।

३. शिक्षक साथिहरुले शिक्षण कार्यपछि विद्यार्थी मूल्याङ्कन कसरी गरेको पाउनु भएको छ ? भनी सोधेको प्रश्नमा ८० % जति प्र.अ. ले समूहमा पहिले र पछि एक एक गरेर शिक्षकले मूल्याङ्कन गरेको बताए भने २० % प्र.अ.हरुले शिक्षकले खासै मूल्याङ्कन गर्ने नगरेको बताए ।

४. तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुले पढाएका विषयमा विद्यार्थीले प्राप्त गरेको प्राप्तांक अन्तर त्यति बढी छैन किन त्यसो भएको होला भनी छलफल गर्दा निरन्तर अनुगमन र मूल्याङ्कन नभएर शैक्षिक वातावरण नभएर हो भन्ने प्र.अ.हरु धेरै थिए भने केही प्र. अ. हरुले शिक्षकको आफ्नो पेशालाई आत्मसाथ नगरेकोले यसो भएको हो भनेका थिए ।

५. कक्षा अवलोकनको अवस्था कस्तो छ भनि छलफल गर्दा वि.नि. ⁄ स्रोतव्यक्तिले त्यति गरेको देखिदैन । PTA/SMC का पदाधिकारीहरुले गर्दैनन् ।  हामीहरु कार्य व्यस्तताले भ्याइदैन भनी धेरै जसोको निचोड थियो ।

६. विद्यालयमा योजना बनाएर विद्यालय संचालन गर्नु हुन्छ कि नबनाईकन गर्नु हुन्छ भन्ने विषयमा छलफल गर्दा १० % ले बनाएर गर्छौं भन्नु भयो भने ९० %  जतिले त्यत्तिकै चलिरहेको छ , व्यवस्थापन समितिबाट निर्णय गराएर काम गर्यो भैहाल्छ नि भन्ने जवाफ दिए ।

७. विद्यालयमा शैक्षिक वातावरण तयार गर्न के के गर्नु भएको छ त तपाईहरुले, भन्ने विषयमा उहाँहरुले निम्न कुरा बताउनु भयो :

(**अ**) दलीय सहमतिका आधारमा व्यवस्थापन समिति तथा अन्य समिति गठन गर्ने गरेको ।

(**आ**) सामान्य रुपमा भए पनि पुस्तकालयको व्यवस्था गरेको ।

(**इ**) अतिरिक्त क्रियाकलाप हप्तामा एक पटक सञ्चालन गर्ने गरेको ।

(**ई**) विद्यालयमा कुनै कक्षामा लिजर राख्ने नगरेको ।

(उ) कुनै शिक्षकको अनुपस्थितिमा अर्को शिक्षक विषयको शिक्षकले शिक्षणमा सहयोग गर्ने गरेको ।

(ऊ) शैक्षिक भ्रमणमा वर्षमा एक पटक कुनै एउटा ठाउँमा लाने गरेको ।

(ए) जुनसुकै परीक्षा पछि विद्यार्थीलाई परीक्षाफलको जानकारी दिने गरेको ।

(ऐ) कोचिङ्ग तथा ट्युसनको व्यवस्था मिलाइदिएको ।

(ओ) महत्वपूर्ण निर्णयहरुमा सरोकारवालाहरुलाई मत जाहेर गर्न दिएको आदि ।

यी माथिका उत्तर दिनेहरुको प्रतिशत ७० थियो भने ३० प्रतिशतले चाहि शैक्षिक वातावरण तयार गर्न सामान्य भूमिका निभाएको बताएका थिए ।

८. शैक्षिक गुणस्तरमा वृद्धि किन नभएको होला भन्ने सन्दर्भमा सबै पक्षको निश्क्रियताको कारणले गुणस्तरमा वृद्धि नभएको हो भन्ने उत्तर थियो । तर यसको असर भने बालबालिकामा परेको छ भन्ने उहाँहरुको भनाइ थियो । विद्यालयलाई राम्रो हुने जतिसुकै राम्रो काम गरेपनि प्र.अ.लाई राजनीतिक आँखाले हेर्ने गरेको प्र.अ.हरुको गुनासो थियो ।

# परिच्छेद -५

## प्राप्ति, निष्कर्ष तथा सुझावहरु (findings, conclusion and recommendations )

### ५.१ प्राप्तिहरु (Findings)

१. स्वीकृत दरवन्दी र सामुदायिक शिक्षक (राहत अनुदान दरवन्दी) को पदमा कार्यरत शिक्षकहरु दुवैमा ६८ % तालिम प्राप्त छन् भने २२ % तालिम अप्राप्त छन् ।

२. पुरुष शिक्षक ८३ % तालिम प्राप्त छन् भने महिला शिक्षक ६२ % तालिम प्राप्त छन् ।

३. पुरुष शिक्षक १७ % तालिम अप्राप्त छन् भने महिला शिक्षक ३८ % तालिम अप्राप्त रहेकाछन् ।

४. शिक्षकहरु तालिम प्रति आकर्षित छन् ।

५. उनीहरु आफ्नो पेशागत उन्नति र वृत्ति विकासका लागि समेत तालिम लिन चाहन्छन्

६. तालिममा भाग लिइसकेछि आफ्नो ज्ञानको क्षेत्रमा, सीपको क्षेत्रमा वृद्धि हुन सहयोग पुग्दछ भन्नेसमेत उनीहरुलाई विश्वास छ ।

७. तालिमले गर्ने विविध क्षेत्रको सहयोगमध्ये कक्षाकोठा व्यवस्थापनलाई प्रभावकारी बनाउने र विद्यार्थीको सिकाइ उपलब्धिलाई वृद्धि गर्नु पनि प्रमुख हो ।

८. कक्षाकोठा व्यवस्थापनमा विद्यालयको भूमिका कर रहेछ भन्ने बारेमा समेत शिक्षकले तालिमको क्रममा थोरै मात्र सैद्धान्तिक ज्ञान प्राप्त गरेको देखिन्छ तर ती जिम्मेवार पक्षहरुलाई परिचालन गर्न र आफ्नो भूमिकालाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्न नसकेको पाइएको छ ।

९. कक्षाकोठा व्यवस्थापनको भौतिक पक्षमा मात्र ध्यान जाने गरेको र अरु पक्षलाई त्यति ध्यान नदिएको पाइयो ।

१०. तालिम प्राप्त गरेपछि कक्षाकोठा व्यवस्थापनमा परिवर्तन ल्याउन र उत्तम प्रकारको शिक्षण सिकाइ गर्न सकेको छु भन्ने शिक्षकहरुको संख्या २० % मात्र रहेको पाइयो ।

**११**. कक्षा अवलोकन गर्दा शैक्षिक सामग्रीको उचित प्रयोग र व्यवस्थापन विद्यार्थीको बसाइ व्यवस्था, कक्षाकोठालाई आकर्षक बनाउन शिक्षकले गर्न सक्ने क्रियाकलापहरु, सिकाइ प्रति रुची जगाउन विद्यार्थीलाई उत्प्रेरणा जगाउने विधि क्रियाकलापहरु सञ्चालन गर्न शिक्षकले प्रयत्न गरेको पाइएन ।

**१२**. तालिम प्राप्त  शिक्षकले कक्षा अवलोकनमा ७३ % अंक हाँसिल गरेका थिए भने तालिम अप्राप्त शिक्षकले मात्र ४० % अंक ल्याएका थिए ।

**१३**. तालिम अप्राप्त शिक्षकहरुको शिक्षण सिकाई कमजोर देखिन्छ ।

**१४**. तालिम प्राप्त शिक्षकले पढाएको विषयको औषत प्राप्ताङ्क ५५.८ % छ भने तालिम अप्राप्त शिक्षकले पढाएको उही विषयहरुका औसत प्राप्ताङ्क ४०.१ % रहेको छ ।

**१५**. तालिम अप्राप्तको तुलनामा तालिम प्राप्त शिक्षकले धेरै राम्रो शिक्षा सिकाइ गरेको देखिन्छ ।

**१६**. तालिममा सिकेका कुरा शिक्षकहरुले ४० % मात्र कक्षाकोठामा स्थानान्तरण गरेको देखिन्छ ।

**१७**. विद्यार्थीको सिकाइ उपलब्धिको स्तर निर्धारण गर्न प्रभाव पार्ने किसिमका तत्वहरु हुन सक्छन् ती मध्ये एउटा महत्वपूर्ण पक्ष सिकाइको पेशागत दक्षता पनि हो । अध्ययनमा पाइएका तथ्य अनुसार शिक्षक तालिमले विद्यार्थीको सिकाइ उपलब्धि बृद्धि गर्ने शिक्षकको  पेशागत दक्षता अभिबृद्धि गर्न कम मात्रामा सकेको देखिन आएको छ ।

१८. तालिमलाई कार्य गरिरहेको ठाउँमा सञ्चालन गरिनुपर्छ । यस्तो गर्दा तालिममा सिकेका सीपलाई व्यवस्थापनमा उतार्ने बानीको नै विकास हुन जान्छ र तालिमको प्रभावकारिता बढ्छ ।

## ५.२ निष्कर्ष (conclusion)

अध्ययनको शिलसिलामा माथि पाइएका तथ्याङ्कहरुको आधारमा शिक्षक तालिमको प्रभावकारीताको बारेमा निम्न अनुसारको निष्कर्षमा पुग्न सकिन्छ :

**१**. स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरको तुलनामा सामुदायिक शिक्षकहरु तालिम लिन धेरै बाँकि रहेका छन् ।

२. तालिम प्राप्त शिक्षकको शिक्षण सिकाइको तुलनामा तालिम अप्राप्त शिक्षकहरुको शिक्षण सिकाइ कमजोर रहेको छ ।

३. स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरु २ % जति बाँकि रहेर सबै तालिम प्राप्त भैसकेका छन् ।

४. तालिमले आफ्नो पेशागत क्षमता अभिबृद्धि गर्न सक्छ भन्ने विस्वास शिक्षकहरुमा रहेको देखिन्छ ।

५. तालिममा सिकेका सीपलाई कक्षााकोठाको वातावरण, विद्यार्थी संख्या, शिक्षकको साप्ताहिक कार्य बोझ, निरन्तर अनुगमन र पृष्ठपोषणको कमी , विद्यालय स्टाफमा शैक्षिक वातावरणको कमी जस्ता कुराहरुले कक्षाकोठामा स्थानान्तरण गर्न कठिनाइ भएको देखिन्छ

६. तालिम प्राप्त शिक्षकले पढाएको विषयहरुमा विद्यार्थीले प्राप्त गरेको औसत प्राप्ताङ्क, तालिम अप्राप्त शिक्षकले पढाएको भन्दा बढि रहेको छ ।

७. तालिम लिने तर्फ शिक्षकहरुको रुची रहको छ ।

८. निरन्तर अनुगमन र शिक्षण पेशाप्रति प्रतिबद्धताको अभावले शिक्षकले तालिममा सिकेका कुरा व्यवस्थापनमा उतार्ने कुरा प्रति जाँगरिलो नभएको देखिएका छन् ।

९. तालिम प्राप्त शिक्षकमा सैधान्तिक ज्ञान भएर पनि व्यवहारिक कार्य पक्ष कमजोर छ ।

१०. योजना निर्माणको क्रममा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकमा खासै अन्तर छैन ।

११. शिक्षकको प्रयत्नसँगै विद्यार्थीको घरमा समेत शैक्षिक वातावरणको सिर्जना गर्न सकिएको खण्डमा सिकाइ उपलब्धिको स्तर माथि उठ्न सक्ने देखिन्छ ।

१२. शिक्षा ऐन तथा नियमावलीको प्र.अ.लाई दिएका अधिकारहरु प्रयोग गर्ने वातावरण नभएको देखिन्छ ।

१३. विद्यार्थी सिकाइ उपलब्धिको अभिलेख तालिम प्राप्त शिक्षकले पनि राखेको छैन ।

१४. शिक्षक तालिमले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन केही हदसम्म सहयोग गरेको छ ।

## ५.३ सुझावहरु (Suggestions)

अध्ययनको शिलसिलामा माथि पाइएका तथ्याङ्कहरुको आधारमा निम्न सुझावहरु प्रस्तुत गरिएको छ :

१. स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरुलाई जस्तै सामुदायिक शिक्षक (राहत अनुदान कोटामा नियुक्त शिक्षक) लाई पनि तालिमको सुविधा दिने व्यबस्था हुनु पर्ने ।

२. तालिम प्राप्त शिक्षकहरुले तालिममा सिकेका कुराहरु कक्षाकोठामा स्थानान्तरण गर्नको लागि नियमित अनुगमन र सुपरिवेक्षण हुनु पर्ने ।

३. छोटो समयका पुनर्ताजगी तालिमको व्यवस्था पनि हुनु पर्ने ।

४. शिक्षकहरुलाई उनीहरुको कामको मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था गरिनु पर्ने ।

५. प्रधानाध्यापकलाई प्रशासनिक, व्यवस्थापकिय र सुपरिबेक्षण सम्बन्धी मात्र काम लगाउनुपर्ने ।

६. प्रधानाध्यापकलाई प्राप्त अधिकार निर्वाध रुपमा प्रयोग गर्ने वातावरण सिर्जना गरिनु पर्ने ।

७. शिक्षकले तालिम लिएर गएको विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका पदाधिकारीहरुलाई समेत ५ दिने अभिमुखिकरण तालिम दिदा शिक्षकको कार्यक्षकतामा प्रभावकारीता आउने थियो ।

८. तालिम लएर फर्केका शिक्षकको निरन्तर अनुगमन र पृष्ठपोषण पदने प्रक्रियालाई व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाउने ।

९. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुबाट पनि पालैपालो गरी विद्यालयको निरीक्षण गर्ने व्यवस्था मिलाउने ।

१०. विद्यालय बाल क्लव गठन गरी व्यवस्थित ढंगले सञ्चालन गर्ने जसले गर्दा शैक्षिक गुणस्तर वृद्धि गर्न सहयोग पुर्याओस् ।

११. विद्यालय निरीक्षक र स्रोतव्यक्तिलाई विद्यालय निरीक्षण, सुपरिवेक्षण र अनुगमनको काममा मात्र खटाउने ।

१२. विद्यालयलाई योजना बिना अनुदान दिने व्यवस्था बन्द गर्ने ।

**१३.** प्र.अ.ले आफ्ना शिक्षकलाई पढाउने विषयको प्रत्यक पाठको पाठयोजना बनाउन लगाई त्यसलाई व्यवस्थित ढंगले राखी सोही बमोजिम शिक्षण सिकाइ गर्ने व्यवस्था मिलाउने ।

**१४.** शिक्षकहरु बीच पेशागत अनुभवको आदान प्रदान गर्ने प्रक्रियालाई निरन्तरता दिने अवसर प्रदान गर्ने ।

**१५.** सरोकारवालाहरु सबैको प्रतिनिधित्व हुने गरी गा.वि.स. तहमा विद्यालय अनुगमन समिति गठन गरी जि .शि. का.मा प्रतिवेदन मासिक रुपमा सो समितिले बुझाउने व्यवस्था गर्ने ।

## थप अनुसन्धानका संभावित शीर्षकहरु :

१. शिक्षक तालिमले शैक्षिक उपलब्धिमा पारेको प्रभावको अध्ययन ।

२. शिक्षक तालिम र शिक्षकहरुको शिक्षण सिकाइमा पारेको प्रभावको अध्ययन ।

३. शिक्षक तालिमले शैक्षिक गुणस्तर वृद्धिमा पारेको प्रभावको अध्ययन ।

## सन्दर्भ सूची


* कोइराला विद्यानाथ, श्रेष्ठ चन्द्रबहादुर (२०५९) *शैक्षिक व्यवस्थापन र सांगठनिक व्यवहार काठमाण्डौं* , विद्यार्थी पुस्तक भण्डार ।

* खनाल पेशल (२०६१ ) *शैक्षिक अनुसनधान पद्धति* किर्तिपुर, स्टुडेण्ट्स बुक्स एण्ड डिस्ट्रिव्युटर्स ।

* चापागाई, बालकृष्ण - (२०६१ ) , *प्राथमिक शिक्षक तालिमबाट काठमाण्डौं जिल्लाका विद्यालयमा कक्षाकोठा व्यवस्थापन र विद्यार्थीको शैक्षिक उपलब्धिमा पारेको प्रभाव : एक अध्ययन*।

* *नेपालको शैक्षिक आयोगका प्रतिवेदनहरु (२०६२)* , काठमाण्डौं, मकालु बुक्स एण्ड स्टेशनर्स ।

* *नेपाल सरकार, शिक्षा विभागद्धारा गरिएका अध्ययनहरुको प्रतिवेदन* २०६२ /०६३

* नेपाल सरकार, *शिक्षा ऐन (२०२८) , शिक्षा नियमावली (२०५९ ) संशोधन सहित (२०६३) ।*

* नेपाल सरकार , *शिक्षा सेवा आयोग नियमावली (२०५७)*।

* श्रेष्ठ चन्द्रबहादुर , सिन्हा रामस्वरुप, बासुदेव र अन्य (२०६०) *शैक्षिक प्रशासन र सुपरीवेक्षण,* काठमाण्डौं विद्यार्थी पुस्तक भण्डार ।

* श्रेष्ठा , प्रकाशमान, *नेपालमा प्राथमिक शिक्षा (२०५६)* , शिक्षाशास्त्र संकाय, डिनको कार्यालय किर्तिपुर , काठमाण्डौं ।

* सैग्रौला हरिप्रसाद (२०६३) , *प्रधानाध्यापकको विद्यालय व्यवस्थापन सम्बन्धी कार्यदक्षताः एक अध्ययन* किर्तिपुर त्रि. वि. वि. क्यनम्पस ।

* *NCED news Letters ( 2064)* , (2065) , National Centre for Educational Development, sanothimi Bhaktapur .

**सप्तरी जिल्लामा शिक्षक तालिम र उपलब्धिको प्रभावकारिता एक अध्ययन**

## अनुसूची-१

कक्षा अवलोकन फाराम

१. शिक्षकको नाम :- २. पुरुष/महिला

३. विद्यालयको नाम :- ४. कक्षा :-

५. विषय :- ६. विद्यार्थी संख्या :-

७. पाठ :-

कक्षा अवलोकन गरी तलका बुंदाहरुमा संकेत ( √ ) लगाउने ।

| क्र. सं. | क्रियाकलापहरु | अति उत्तम ३ | उत्तम २ | सामान्य १ | सुधार गर्नुपर्ने ० | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | शिक्षकको व्यक्तित्व | | | | | |
| | क) सफा सुग्घर<br>ख) आत्मविश्वास<br>ग) मिलनसारिता<br>घ) बोलीको स्पष्टता<br>ङ) भाषिक शुद्धता | | | | | |
| २. | कक्षाकोठा व्यवस्थापन | | | | | |
| | क) कक्षाकोठाको सफाइ<br>ख) सफाइमा जिम्मेवारी तोकी नियमितता काय गरेको<br>ग) कालोपाटी रखाइ व्यवस्था र प्रयोग<br>घ) शैक्षिक तथा सिर्जनात्मक सामग्री | | | | | |
| ३. | कक्षाको प्रारम्भ | | | | | |
| | क) पुनरावलोकन<br>ख) पाठप्रति रुची जागरण | | | | | |
| ४. | पाठको प्रस्तुति करण | | | | | |
| | क) विषयवस्तुको ज्ञान<br>ख) पाठको क्रमबद्धता | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | शिक्षण क्रियाकलाप | | | | | |
| | क) शिक्षक क्रियाकलाप<br>ख) विद्यार्थी क्रियाकलाप<br>ग) शिक्षक -विद्यार्थी अन्तक्रिया | | | | | |
| ६. | शिक्षण विधिको प्रयोग | | | | | |
| | क) ........................<br>ख) ...................<br>ग) ................ | | | | | |
| ७. | शैक्षिक सामाग्रीको प्रयोग | | | | | |
| | क) उद्देश्य प्राप्तिमा सहायक<br>ख) स्तरयुक्तता | | | | | |
| ८. | मूल्याङ्कन | | | | | |
| | क) शिक्षण क्रियाकलापमा आधारित<br>ख) पाठको उद्देश्य प्राप्तिमा सहायक<br>ग) पृष्ठपोषण | | | | | |

**सप्तरी जिल्लामा शिक्षक तालिम र उपलब्धिको प्रभावकारिता एक अध्ययन**

## अनुसूची-२

तालिम प्राप्त शिक्षकलाई सोधिने प्रश्नावली

क) १. शिक्षकको नाम :-

२. पुरुष/महिला :-

३. शैक्षिक योग्यता :-

४. तालिम लिएको वर्ष :-

५. शिक्षण अनुभव :-

६. अस्थायी /स्थायी :-

ख) प्रश्नावली

१. शिक्षकलाई तालिम आवश्यक छ , छैन ?

अ) आवश्यक छ आ) अति आवश्यक छ इ) आवश्यक छैन

२. तालिममा के के आशा लिएर जानु भएको थियो ?

अ) विषयवस्तुको ज्ञानमा वृद्धि गर्ने,

आ) पाठयोजना बनाउन जान्ने हुने ,

इ) शिक्षण विधि सम्बन्धी जानकार हुने ,

ई) कक्षाकोठा व्यवस्थापन सम्बन्धी जानकारी हुने ,

उ) शिक्षण सीप सिक्ने,

ऊ) मूल्याङ्कन तरिका थाहा पाउने,

ए) दक्ष शिक्षक बन्ने,

३. तालिम प्राप्त गरीसकेपछि के के कुरामा परिवर्तन भएको महसुस गर्नु भयो ?

अ) विषयवस्तुको ज्ञानमा वृद्धि गर्ने,

आ) पाठयोजना बनाउन जान्ने हुने ,

इ) शिक्षण विधि सम्बन्धी जानकार हुने ,

ई) कक्षाकोठा व्यवस्थापन सम्बन्धी जानकारी हुने ,

उ) शिक्षण सीप सिक्ने,

ऊ) मूल्याङ्कन तरिका थाहा पाउने,

ए) दक्ष शिक्षक बन्ने,

४. तालिममा सिकेका कुरामध्ये तपाईंलाई सबभन्दा प्रभाव पारेको क्षेत्र कुन हो ?

अ) विषय वस्तुको ज्ञान, आ) शिक्षण विधि,

इ) कक्षाकोठाको व्यवस्थापन, ई) मूल्याङ्कन प्रणाली,

उ) योजना निर्माण (पाठयोजना) ऊ) अन्य

५. तालिममा सिकेका कुन कुन कक्षाकोठामा प्रयोग गर्नु भएको छ ?

अ) पाठयोजना निर्माण गर्न,

आ )विषयवस्तु अनुसार शिक्षण विधि छनौट गर्न,

इ) विद्यार्थीलाई उत्प्रेरित गर्न,

ई) शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न,

उ) विद्यार्थी मूल्याङ्कन गर्न,

ऊ) बालमैत्री सिकाइ गर्न,

ए) कक्षाकोठाको व्यवस्थापन गर्न,

ऐ) शैक्षिक वातावरण कायम गर्न,

ओ) अन्य

६. यी माथिका मध्ये कुन कुन चाहिं तपाईले कक्षाकोठामा प्रयोग गर्न सक्नु भएको छैन ?

अ) आ)

इ)　　　　　　　　ई) किन ?

...................................................................................................
...................................................................................................
...................................................................................................
...................................................................................................
...................................................................................................
...................................................................................................
...................................................................................................
...................................................................................................
...................................................................................................
...................................................................................................
...................................................................................................
..............

**सप्तरी जिल्लामा शिक्षक तालिम र उपलब्धिको प्रभावकारिता एक अध्ययन**

**अनुसूची-३**

तालिम अप्राप्त शिक्षकलाई सोधिने प्रश्नावली

क)

१. शिक्षकको नाम :-

२. विद्यालयको नाम :-

३. शिक्षण अनुभव :-

४. शैक्षिक योग्यता :-

५. अस्थायी/स्थायी :-

ख) प्रश्नावली

१. शिक्षकलाई तालिम आवश्यक छ ?

अ) आवश्यक छ आ) आवश्यक छैन

२. अध्यापन गर्दा कसरी अध्यापन गर्नु हुन्छ ?

अ) आफुलाई पढाएको सम्झेर आ) पाठयोजा बनाएर

इ) कितावको पढिदिने र सुनाइ दिने

३. पाठयोजना, शिक्षण विधि, शैक्षिक समग्री, शिक्षण क्रियाकलाप,विद्यार्थी मूल्याङ्कन, गृहकार्य आदि शब्दहरु सुन्नु भएको छ ?

अ) सबै सुनेको छु आ) केहिकेहि सुनेको छु

इ) कुनै पनि सुनेको छन

४. कुनै तालिम प्राप्त शिक्षकले पढाएको देख्नु भएको छ ?

अ) देखेको छु आ) देखेको छैन

**सप्तरी जिल्लामा शिक्षक तालिम र उपलव्धिको प्रभावकारिता एक अध्ययन**

## अनुसूची-५

व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षलाई सोधिएको प्रश्नावली

१. तपाईंले आफ्नो विद्यालयको कक्षाकोठामा गएर शिक्षकले पढाएको अवलोकन गर्नु भएको छ ?

क) प्रायजसो गरेको छु  ख) छैन  ग) कहिलेकाही गरेको छु

२. तपाईंका विद्यालयमा भएका शिक्षकहरु मध्ये सबैजसो विद्यार्थीले बुझ्ने गरी कुन शिक्षकले पढाउनु हुन्छ ?

क) तालिम प्राप्त  ख) तालिम अप्राप्त  ग) दुवैले

३. तपाईका विद्यालयमा भएका शिक्षकहरु मध्ये कुन शिक्षकले पढाएको धेरैजसो विद्यार्थीले बुझ्दैनन् ?

क) तालिम प्राप्त  ख) तालिम अप्राप्त  ग) दुवैले

४. विद्यालयको व्यवस्थापन समितिको बैठक र शिक्षक अभिाक संघको बैठकमा शैक्षिक गुणस्तर सम्बन्धी प्रशताव राखि छलफल हुने गरेको छ कि छैन ?

क) प्रायजसो हुने गरेको छ  ख) हुने गरेको छैन  ग) कहिलेकाही हुन्छ

**सप्तरी जिल्लामा शिक्षक तालिम र उपलब्धिको प्रभावकारिता एक अध्ययन**

## अनुसूची-७

तालिमको उपलब्धिको प्रभावकारिता सम्बन्धमा छलफल एवम् अन्तरक्रियामा सहभागी प्रधानाध्यापकहरु र विद्यालयको नाम

| क्र. सं. | प्रधानाध्यापकको नाम | विद्यालयको नाम |
|---|---|---|
| १. | श्री लालबहादुर मंडल | श्री छिन्नमस्ता भू.सं.मा.वि.,सखडा -२ |
| २. | श्री प्रभाष झा | श्री पब्लिक उ.मा.वि., लौनियाँ |
| ३. | श्री विपिन कुमार झा | श्री जनता मा.वि., कुपहि |
| ४. | श्री रवीन्द्र यादव | श्री महावीर मा.वि., विषहरिया |
| ५. | श्री दीपेन्द्र झा | श्री राजेन्द्र देवकी नि.मा.वि., कोइलाडी |
| ६. | श्री त्रिलोक प्रसाद कर्ण | श्री नि.मा.वि., भेल्ही -पिप्राही |
| ७. | श्री नन्दलाल यादव | श्री नि.मा.वि., वरही-वीरपुर |
| ८. | श्री दुलेन्द्र झा | श्री नि.मा.वि.,रमपुरा - मल्हनियाँ |
| ९. | श्री लालबहादुर यादव | श्री जनता डिहबार रा.प्रा.वि., इनर्वा-फकिरा |
| १०. | श्री उमेश प्रसाद सिंह | श्री रा.प्रा.वि.,वरदाही फकिरा |
| ११. | श्री विनोदानन्द ठाकुर | श्री रा.प्रा.वि., लोखरम |
| १२. | श्री अशोक नारायण झा | श्री रा.प्रा.वि., रामपुरा-छिन्नमस्ता |
| १३. | श्री नारायण यादव | श्री नि.मा.वि.,लालापट्टी |
| १४. | श्री अनन्त प्रसाद मण्डल | श्री जनता रा.प्रा.वि., वरही |
| १५. | श्री शम्भु प्रसाद सिंह | श्री रा.प्रा.वि., सकरपुरा |

## सप्तरी जिल्लामा शिक्षक तालिम र उपलब्धिको प्रभावकारिता एक अध्ययन

### अनुसूची-८

कक्षा अवलोकन गरिएका शिक्षकहरुको नामावली

| सि. नं. | तालिम प्राप्त शिक्षकहरु | विद्यालय |
|---|---|---|
| १. | श्री भोगेन्द्र नारायण झा | श्री छिन्नमस्ता भू.सं.मा.वि.,सखडा -२ |
| २. | श्री वैद्यनाथ चौधरी | श्री पब्लिक उ.मा.वि., लौनियाँ |
| ३. | श्री प्रेमकुमार मण्डल | श्री जनता मा.वि., कुपहि |
| ४. | श्री वाल्मीकिप्रसाद सिंह | श्री महावीर मा.वि., विषहरिया |
| ५. | श्री पप्पी कुमारी सिंह | श्री राजेन्द्र देवकी नि.मा.वि.,कोइलाडी |
| ६. | श्री टेकलाल यादव | श्री नि.मा.वि., भेल्ही -पिप्राही |
| ७. | श्री रामवदन साह | श्री नि.मा.वि., वरही-वीरपुर |
| ८. | श्री रमाकान्त झा | श्री नि.मा.वि.,रमपुरा - मल्हनियाँ |
| ९. | श्री चन्द्रनारायण पंडित | श्री नि.मा.वि.,लालापट्टी |
| १०. | श्री शेरबहादुर धामी | श्री रा.प्रा.वि.,वरदाही फकिरा |

| सि. नं. | तालिम अप्राप्त शिक्षकहरु | विद्यालय |
|---|---|---|
| १. | श्री राजेन्द्र मंडल | श्री राजेन्द्र देवकी नि.मा.वि., कोइलाडी |
| २. | श्री मञ्जु कुमारी यादव | श्री नि.मा.वि., भेल्ही -पिप्राही |
| ३. | श्री संगिताकुमारी यादव | श्री नि.मा.वि., वरही-वीरपुर |
| ४. | श्री राज किशोर साह | श्री नि.मा.वि.,रमपुरा - मल्हनियाँ |
| ५. | श्री फुलोकुमारी मंडल | श्री जनता डिहबार रा.प्रा.वि., इनर्वा |
| ६. | श्री श्याम सुन्दर साह | श्री रा.प्रा.वि.,वरदाही फकिरा |
| ७. | श्री मोतीकुमारी दास | श्री रा.प्रा.वि., लोखरम |
| ८. | श्री राजदेव कुमार खंग | श्री रा.प्रा.वि., रामपुरा-छिन्नमस्ता |
| ९. | श्री लिला यादव | श्री नि.मा.वि.,लालापट्टी |
| १०. | श्री मञ्जु कुमारी राम | श्री जनता रा.प्रा.वि., वरही |

## शोधकर्ताको व्यक्तिगत विवरण

१. **नाम थर** : इन्द्रबहादुर थापा

२. स्थायी ठेगाना :

**गा.वि.स.** :- सोरुङ्ग छविसे

वडा नं. ०४

जिल्ला :- उदयपुर

३. जन्म मिति : वि.सं. २०३४/१०/१५

४. लिङ्ग : पुरुष

५. पेशा : शिक्षण

६. बुबाको नाम : श्री डाकबहादुर थापा

७. आमाको नाम : श्रीमती नरमाया थापा

८. शैक्षिक योग्यता : B. A., B. Ed.(नेपाली),LL.B

९. स्थायी नियुक्ति : २०७१/०५/०२

१०. अनुभव : - १५ वर्ष शिक्षण

११. कृतिहरु :- इन्द्रेणी कवितासंग्रह, भुँडी र बूढी निबन्धसंग्रह, माध्यमिक नेपाली व्याकरण (संयुक्त) तथा विभिन्न पत्र पत्रिकामा शिक्षा सम्बन्धि लेख तथा सिर्जना प्रकाशन ।

१२. हाल : श्री छिन्नमस्ता भूपेन्द्र संस्कृत माध्यमिक विद्यालय, सखडा २ सप्तरीमा कार्यरत ।